मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक ९६ | २०८० साल फागुन १० गते बिहिबार | Thursday 22, February 2024 | सूर्योदय: बिहान ६:३६ बजे | सूर्यास्त: साँझ ६:०१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## हट्यो कर्फ्यु
## जनजीवन सामान्य बन्दै

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साले वीरगंजमा लगाएको कर्फ्यु हटाएसँगै जनजीवन सामान्य भएको छ । वीरगंज बजार, यातायात, सरकारी कार्यालय, बैंक, उद्योग कलकारखाना सञ्चालनमा आएसँगै जनजीवन सामान्य बनेको हो । स्थानीय प्रशासनले बुधबार पटकपटक सूचना जारी गरी बिहान ६ बजे देखि ११ बजेसम्म र दिउँसो ११ बजेदेखि राती १० बजेसम्मका लागि कर्फ्यु आदेश हटाइएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिए । जिल्ला प्रशासन कार्यालय पर्साले करिब ३६ घण्टादेखि जारी राखेको कर्फ्यु आदेश बुधबार बिहान ६ बजेदेखि राति १० बजेसम्मका लागि खुला गरेको हो । सर्वसाधारणको सहजताका लागि कर्फ्यु हटाइएको र अवस्था आँकलन गर्दा कर्फ्यु लगाइरहन नपर्ने देखिएकले बुधबार राति १० बजेदेखि पूर्णरुपमा कर्फ्यु हटाइएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिए । आर्थिक नगरी वीरगंजको दैनिकीलाई प्रभाव नपरोस् भनेर कर्फ्यु खुकुलो बनाइएको थियो । रौतहटको ईशनाथ नगरपालिकामा केही दिनअघि दुई पक्षबीच भएको झडपको स्थिति सृजना भएपछि जिल्ला प्रशासन कार्यालय पर्साले सोमबार साँझ ५ बजेदेखि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको थियो । यसअघि कर्फ्यु जारी भएको समयमा कर्फ्यु उल्लंघन गरी प्रदर्शन गर्ने २१ जनालाई पक्राउपछि छाडिएको छ । वीरगंजमा सुरक्षा अवस्था अत्यन्तै कडा बनाइएको र चोकचोकमा ठूलो संख्यामा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

## रौतहटमा पनि हट्यो कर्फ्यु

ईशनाथ नगरपालिकामा पाँच दिनदेखि लागेको कर्फ्यु बुधबार साँझबाट हटेको छ । जिल्ला प्रशासन कार्यालय रौतहटले प्रेस विज्ञप्ति जारी गर्दै यसबारे जानकारी गराएको हो ।
फागुन ५ गते ईशनाथ नगरपालिका वडा नम्बर ७ स्थित घिउरागाउँमा सरस्वती पूजाको मूर्ति बिसर्जन गर्नेक्रममा दुई समुदायबीच विवाद उत्पन्न भएको थियो । सोही विवादलाई नियन्त्रणमा लिई, जिल्लामा शान्ति सुरक्षा कायम गर्न ईशनाथ नगरपालिकाको वडा नम्बर ६ र ७ मा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको थियो । ती दुई वडाबाहेक अन्य वडामा पनि साम्प्रदायिक दंगा फैलिन थालेपछि जिल्ला प्रशासन कार्यालयले वडा नम्बर २, ३, ४ र ५ मा पनि ६ गते दिउँसोबाट कर्फ्यु आदेश जारी गरेको थियो । जिल्लाको स्थिति सामान्य भएकाले कर्फ्यु हटाइएको प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले जानकारी दिए ।


## बारामा सद्भाव ¥याली

कलैया र जीतपुरमा बुधबार बिहान धार्मिक सामाजिक सद्भाव ¥याली निकालिएको छ । कलैयामा जिल्ला प्रशासन कार्यालय बाराको अगुवाई र जीतपुरमा स्थानीय धार्मिक संघसंस्थाको आयोजनामा सद्भाव ¥याली निकालिएको
हो । कलैयामा जिल्ला प्रशासन कार्यालय परिसरबाट निकालिएको सद्भाव ¥यालीले कलैया बजार परिक्रमा गरेको थियो । रौतहटको ईशनाथ नगरपालिका फागुन ३ गते दुई पक्षबीच भएको झडपको विषयलाई लिएर सामाजिक सद्भाव बिथोल्ने प्रयास भइरहेको भन्दै प्रशासनको अगुवाईमा सद्भाव ¥याली निकालिएको हो । सामाजिक एकता र सद्भाव कायम रहेको सन्देश दिन निकालिएको ¥यालीमा विभिन्न राजनीतिक दलका नेतृत्व तथा प्रतिनिधि, जनप्रतिनिधि, धार्मिक तथा सामाजिक संघसंस्थाका प्रतिनिधि, सुरक्षाकर्मी, कर्मचारी, शिक्षक, खेलाडी, स्थानीयलगायतको सहभागीता थियो । यसअघि मंगलबार स्थानीय प्रशासन र बारामा क्रियाशील राजनीतिक दलबीच सामाजिक सद्भाव बिग्रन नदिन छलफल भएको थियो । छलफलमा सामाजिक तथा धार्मिक एकता कायम राख्न प्रतिवद्धता जनाएका १२ राजनीतिक दलले संयुक्त अपिलसमेत जारी गरेका थिए । त्यस्तै, जीतपुरमा निकालिएको ¥यालीले बजार परिक्रमा गर्दै सामाजिक, धार्मिक सहिष्णुता कायम राख्न सन्देश दिएको थियो । ¥यालीमा सर्वपक्षीय सहभागिता थियो ।

## गृहमन्त्री श्रेष्ठको पुत्ला दहन



राष्ट्रिय एकता अभियानले मधेश प्रदेशमा जिहादी आक्रमणको विरोध गर्दै जनकपुरमा प्रदर्शन गरेको छ । प्रदर्शनक्रममा गृहमन्त्री नारायणकाजी श्रेष्ठको पुत्लासमेत दहन गरिएको छ । प्रदर्शनकारीले जिहादी हमलाविरुद्ध कडा कारबाही एवम् हिन्दू समुदायको सुरक्षा माग गर्दै आवश्यक कदम चाल्न सरकारसँग आग्रह गरेको छ ।

## ढुंगेलले सम्हाले पर्सा प्रहरीको कमाण्ड



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्सामा प्रहरी उपरीक्षक (एसपी) कुमोध ढुंगेलले नेतृत्व सम्हालेका छन् । बुधबार दिउँसो हाजिर भएका प्रहरी उपरीक्षक ढुंगेलले जिल्ला प्रहरी कार्यालयको कमाण्ड सम्हालेका हुन् । प्रहरी प्रधान कार्यालयले सरुवा गरेको ९ दिनपछि एसपी ढुंगेल पर्सा प्रहरी कार्यालयमा हाजिर भएका हुन् । ढुंगेललाई पर्सा प्रहरीका प्रवक्ता एवम् डिएसपी कुमारविक्रम थापासहितका प्रहरी अधिकारीले स्वागत गरेका थिए । जिल्लाको कमाण्ड सम्हाल्दै एसपी ढुंगेलले इमान्दारितापूर्वक काम गर्न प्रहरी जवानदेखि अधिकारीसमेतलाई निर्देशन दिए । काठमाडौँ प्रहरी परिसर र तत्कालीन अपराध अनुसन्धान महाशाखामा रहेर लामो समय काम गरेका एसपी ढुंगेल गुण्डागर्दी नियन्त्रणमा अब्बल प्रहरी मानिन्छन् । ढुंगेलले नेपाल प्रहरीमा निरीक्षक (इन्सपेक्टर) दर्जामा २०६१ जेठ १५ गते भर्ना भएका थिए । उनी २०७१ फागुन ११ गते डिएसपीमा बढुवा भएका थिए भने जेठ पहिलो साता एसपीमा बढुवा भएका हुन् ।
२०३३ फागुन १५ गते काठमाडौँमा जन्मिएका उनी नेपाल प्रहरीको अपराध अनुसन्धान तथा आपराधिक गिरोह नियन्त्रणमा कहलिएका प्रहरी अधिकृत हुन् । पर्सामा संगठित अपराध गर्ने गिरोहका लागि ढुंगेलको आगमन चुनौती बन्ने देखिन्छ ।

# महतो अलग्गिने भएपछि असन्तुष्ट फकाउँदै ठाकुर


**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
तराई मधेश लोकतान्त्रिक पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो पार्टी अध्यक्ष महन्थ ठाकुरको क्रियाकलापप्रति असन्तुष्ट बन्दै राष्ट्रिय मुक्ति क्रान्ति अभियान सञ्चालनमा सरिक हुने भएका छन् । पहाडका दलित र शोषितलाई समेटेर राष्ट्रिय मुक्ति क्रान्ति अभियान चलाउने र अभियानबाटै नयाँ पार्टी स्थापनाको तयारीमा महतो छन् । उनले कार्यकर्तामाझ अभियानका विषयमा खुलेर चर्चा गर्ने गरे पनि नयाँ पार्टीका विषयमा भने मौनता साँध्ने गरेका छन् । महतो लोसपामा आफ्नो भविष्य नरहेको निष्कर्षमा पुगेका छन् ।
पछिल्लोपटक अध्यक्ष ठाकुरले नयाँ कार्यसमिति विस्तार गरेसँगै महतो ठाकुरविरुद्ध खनिएका छन् । तर अध्यक्ष ठाकुर महतोको अन्सन्तुष्टि सम्बोधनको साथै उनलाई बेवास्ता गर्न थालेपछि महतो लोसपामा नबस्ने मनःस्थितिमा पुगेका हुन् । महतोनिकट मानिएका धेरैजसो कार्यकर्ताले साथ छाडेपछि लोसपामा समेत महतो कमजोर बनेका छन् । आफ्नानिकटका नेताले पार्टी छाडेपछि महतो कमजोर मात्रै भएनन्, लोसपा निर्माणमा महत्वपूर्ण भूमिका खेलेका उनी पार्टीमा समेत कमजोर भएका छन् । समकालीन राजनीतिमा उपस्थिति बलियो बनाउन र नयाँ पार्टी गठनपूर्व उनले अभियान चलाउने तयारी गरेका हुन् ।
तर एक्कासि पार्टी विभाजन गरेर अगाडि बढ्दा आफैँलाई प्रत्युतपादक हुने भएपछि महतो अभियान सञ्चालन गर्ने निष्कर्षमा पुगेका छन् । उनले मधेशकेन्द्रित दलहरु निकै कमजोर भएको र उनीहरुले आफ्नो एजेण्डासमेत बिराउन थालेका कारण अभियानमार्फत सबै शोषित समुदायलाई एकठ्ठा गरेर अभियान चलाउन लागेको कार्यकर्तामाझ बताएका छन् । अभियानलाई मूर्त दिन मधेशका विभिन्न जिल्ला पुगेर निकटका कार्यकर्ता भेलासमेत गरेर छलफलमा महतो जुटेका छन् । यसका लागि मधेशदेखि राजधानी काठमाडौँसम्ममा उनले आफ्नो शक्ति देखाउन विरोध प्रदर्शनसम्मको तयारी गरेका छन् ।
लोसपाका वरिष्ठ नेता एवम् पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतो उत्पीडित वर्ग, जातिको पूर्ण अधिकारका लागि संयुक्तरुपमा राष्ट्रिय मुक्ति क्रान्ति गर्नुपर्ने बताउँछन् । यो विभेदविरुद्ध मधेशी, आदिवासी, जनजाति, थारु, मुस्लिम, दलित सबैले साझारुपमा लड्न राष्ट्रिय मुक्ति क्रान्ति गर्न वैचारिक, राजनीतिक अभियान सुरु गर्नुपर्ने उनको कथन छ । महतोले सोही अभियानका लागि विभिन्न जिल्लामा भेला थालेका छन् ।
महतोसँग सम्बन्ध चिसिएपछि महन्थ ठाकुरसमेत सम्बन्ध पुनः सुधारेर जाने मनस्थितिमा छैनन् । बरु पुरानो असन्तुष्टलाई एकठ्ठा गरेर लैजाने पक्षमा देखिएका छन् । उनले यसका लागि पार्टी एकतादेखि सहकार्यसम्मको प्रस्ताव विभिन्न असन्तुष्टलाई पठाउन थालेका छन । अध्यक्ष ठाकुरनिकट स्रोतका अनुसार, विगतमा असन्तुष्ट भएर अलग हृदयेश त्रिपाठी र वृशेषचन्द्र लालसँग पार्टी एकतादेखि सहकार्यसम्मको तयारी गरेका छन् । ठाकुरले नेतृत्व गरेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र हृदयेश त्रिपाठीले नेतृत्व गरेको जनता प्रगतिशील पार्टी सहकार्यका लागि अन्तिम तयारीमा जुटेका छन् । केही दिनमै यस विषयमा छलफल गरेर अगाडि बढने तयारीमा उनीहरु छन् । लोसपाका नेता जितेन्द्र सोनलले राजनीतिमा असम्भव केही नभएका कारण विगतमा आफूसँग अलग भएका नेतासँग सहकार्यको तयारीमा आफूहरु लागेको बताए । उनले भने, 'मधेशको मुद्दामा कतिपय शक्ति एक हुन चाहेको अवस्था रहेकाले हामीसँग विगतमा सहकार्य गरेर कुनै कारणवश अलग भएकासँग सहकार्यका लागि छलफल भइरहेको छ ।' सोनलले महतोले सुरु गरेको कार्यमा पार्टी सहमत नरहेको र उनको गतिविधिबारे पार्टीमा छिट्टै छलफल हुने बताए । २०६३ मा मधेश आन्दोलनका दौरान नेपाली कांग्रेसको कोषाध्यक्षबाट राजीनामा गर्दै महन्थ ठाकुरको नेतृत्वमा तराई मधेश लोकतान्त्रिक पार्टी गठन भएको थियो । गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित सरकारमा मन्त्री रहेकै बेला ठाकुरले पार्टी परित्याग गर्दै पार्टी गठन गरेका थिए । त्यसैक्रममा नेपाल सद्भावना पार्टी परित्याग गरेर हृदयेश त्रिपाठी पनि तमलोपामा आबद्ध भएका थिए । वरिष्ठ उपाध्यक्षको जिम्मेवारी पाएका त्रिपाठीले २०७४ सालको स्थानीय चुनावक्रममा ठाकुरको साथ छाडेका थिए । त्यसैगरी, वृषेशचन्द्र लालसमेत ठाकुरसँग अलग भएर तराई मधेश लोकतान्त्रिक पार्टी गठन गरेका थिए । उनीहरुले ठाकुरको साथ छाडेपछि महतोको दरिलो साथ ठाकुरले पाएका थिए । तर अहिले महतोले साथ छाडेपछि पुराना सहयात्रीलाई ठाकुर फकाएर र फर्काएर फेरि शक्तिशाली बन्ने तयारीमा छन् । यसको पहिलो चरणमा त्रिपाठी र वृषेशचन्द्र लाल नेतृत्वबीच सहकार्यलाई समेत लिन सकिन्छ । लालले भने, 'लोसपासँगको सहकार्यको प्रस्ताव औपचारिकरुपमा आएको छैन तर विभिन्न माध्यमबाट कुराकानी भइरहेको छ ।' उनले पार्टी गठन गरिसकेको अवस्थामा पार्टी एकता वा सहकार्यका लागि सोहीअनुसारले प्रस्ताव आउनु पर्ने तर नआएको बताए । अनौपचारिकरुपमा कुराकानी भने भइरहेको बताए ।

## सहकार्यका लागि ५ बुँदे सहमति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी नेपाल र वृशेषचन्द्र लाल अध्यक्ष रहेको तराई–मधेश लोकतान्त्रिक पार्टीबीच सहकार्य गर्ने विषयमा ५ बुँदे सहमति भएको छ । बुधबार भएको सहमतिको पाँचबुँदामा 'नेपालको संविधान रक्षार्थ समसामयिक संशोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र सुदृढीकरण, तराई–मधेशका साथै सम्पूर्ण देशमा सुशासन र समृद्धिको लक्ष्य प्राप्ति, विद्यमान सबै प्रकारका विभेद अन्त्य, निरन्तर बिग्रँदो अर्थतन्त्रमा सुधार तथा देशको कृषि उत्पादनमा वृद्धि र किसानको हितमा क्रियाशील रहन तथा लाल आयोगको प्रतिवेदन सार्वजननिक तथा कार्यान्वयन गराउन' उल्लेख गरिएको छ । यस विषयमा सहमत हुन सक्ने लोसपा, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीलगायतका दललाई पनि सहकार्यका लागि अनुरोध गरिएको छ ।

# ६ महानगरमा वीरगंज उत्कृष्ट




**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्षको माघ मसान्तसम्मको ७ महिनामा मुलुकका ६ महानगरपालिकामध्ये वीरगंज महानगरपालिका सबैभन्दा बढी विकास खर्च गर्नेमा पहिलो बनेको छ । वीरगंज महानगरपालिकाले चालु आर्थिक वर्षको ७ महिनामा ३४.३१ प्रतिशत रकम खर्च गरेको छ । त्यसैगरी, दोस्रो नम्बरमा विराटनगर महानगरपालिका परेको छ । विराटनगरले विनियोजित बजेटको ३४.१५ प्रतिशत विकास खर्च गरेको छ ।
वीरगंज महानगरपालिकाले महानगरका ३२ वटै वडामा भौतिक पूर्वाधार निर्माणको काम धमाधम गरिरहेको छ । बजेट अभावका कारण महानगरपालिका सञ्चालनमा कठिनाई भए पनि विकासका कार्यलाई भने नरोकिएको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बताए । वीरगंज महानगरपालिकाले चालु आर्थिक वर्षमा नगर क्षेत्रका धार्मिक स्थल सौन्दर्यकरण, ग्रामीण सडकको स्तरउन्नोति, विभिन्न पोखरीको सौन्दर्यकरण, सार्वजनिक जग्गा अतिक्रमणमुक्त गर्ने अभियान र वीरगंजको मुख्य नालाको अतिक्रमण हटाउने काम एकसाथ अगाडि बढाएको छ ।
वीरगंज महनगरपालिकामा वडास्तरका साना विकासका योजना पनि धमाधम भइरहेको नगर प्रमुख सिंहले बताए ।
वीरगंज महानगरपालिकाले पुँजीगत खर्च ३४.३१ प्रतिशत गरी विकास बजेटको ७९ करोड २८ लाख रुपैयाँ विनियोजित रकममध्ये २७ करोड २० लाख रुपैयाँ खर्च गरेको छ । विकास बजेट खर्च गर्न नसक्ने नगरपालिकामा काठमाडौँ महानगरपालिका सबै भन्दा पुछारमा रहेको छ । त्यसपछि भरतपुर, पोखरा र ललितपुर महानगरपालिका छन् ।
तीनै तहका सरकारले बजेट सार्वजनिक गर्दा विकास खर्च कार्यान्वयनमा जोड दिने बताउँदै आएका छन् ।
तर कार्यान्वयन पक्ष कमजोर हुँदा सधैँ आर्थिक वर्षको अन्त्यमा हतारमा विकास कार्य गर्ने प्रवृत्ति रहँदै आएको छ । वीरगंज महानगरपालिकामा भने नगर प्रमुख सिंहको पहलमा वडाध्यक्षको समन्वय र सक्रियता, कर्मचारी प्रशासनको जिम्मेवारीलगायतका कारण विकास खर्चमा वीरगंज महानगरपालिका अब्बल देखिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।

# अदालतमा एक लाख बढी मुद्दा फछ्र्यौट गर्न बाँकी



**रासस**
**काठमाडौँ ।**
सर्वोच्च अदालतलगायत मातहतका अदालत तथा न्यायाधिकरणमा गरी जम्मा एकलाख ५८ हजार एक सय ४७ बाँकी फछ्र्योट गर्न बाँकी रहेको छ । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष बुधबार प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पेस गरेको सर्वोच्च अदालत, न्यायपरिषद् र न्याय सेवा आयोगको आर्थिक वर्ष २०७९÷८० को वार्षिक प्रतिवेदनमा उक्त मुद्दा फछ्र्योट हुन बाँकी रहेको देखिएको हो ।
सर्वोच्च अदालतलगायत मातहतका अदालत तथा न्यायाधिकरणमा गत आर्थिक वर्षदेखि जिम्मेवारी सरेका एक लाख ५९ हजार आठ सय ५१ र चालु आवमा नयाँ दर्ता भएका एक लाख ८० हजार एक सय ३९ गरी जम्मा मुद्दा तथा रिटको वार्षिक लगत तीन लाख ३९ हजार नौ सय ९० कायम भएको हो । त्यसमध्ये एक लाख ८१ हजार आठ सय ४३ अर्थात् ५३ दशमलव ४८ प्रतिशत मुद्दा तथा रिट फछ्र्योट भएको प्रतिवेदनमा जनाइएको छ ।
सर्वोच्च अदालतमा गत आवदेखि जिम्मेवारी सरेका २९ हजार छ सय ५४ र यस आवमा नयाँ दर्ता भएका नौ हजार दुई सय ७९ गरी जम्मा मुद्दा तथा रिटको लगत ३८ हजार नौ सय ३३ कायम भएकामा सोमध्ये ११ हजार ७३ अर्थात् २८ दशमलव ४४ प्रतिशत फछ्र्योट भई २७ हजार आठ सय ६० बाँकी रहेको छ ।
अठार वटा उच्च अदालत एवं इजलासमा गत आवदेखि जिम्मेवारी सरेका २५ हजार आठ सय ५४ थान र यस आवमा नयाँ दर्ता भएका ३७ हजार गरी मुद्दा तथा रिटको जम्मा लगत ६२ हजार आठ सय ५४ कायम भएकामा ३८ हजार आठ सय ६८ अर्थात् ६१ दशमलव ८४ प्रतिशत फछ्र्योट भई २३ हजार नौ सय ८६ बाँकी रहेका छन् । जिल्ला अदालतमा गत आवदेखि जिम्मेवारी सरेका एक लाख दुई हजार तीन सय ६९ र यस आवमा नयाँ दर्ता भएका एक लाख ३२ हजार चार सय ६८ गरी मुद्दा तथा रिटको जम्मा लगत दुई लाख ३४ हजार आठ सय ३७ कायम भएकामा एक लाख ३० हजार चार सय सात अर्थात् ५५ दशमलव ५३ प्रतिशत फछ्र्योट भई एक लाख चार हजार चार सय ३० बाँकी रहेको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।
अन्य अदालत तथा न्यायाधीकरणमा गत आवदेखि जिम्मेवारी सरेका एक हजार नौ सय ७४ र यस आवमा नयाँ दर्ता भएका एक हजार तीन सय ९२ गरी मुद्दाको जम्मा लगत तीन हजार तीन सय ६६ कायम भएकोमा एक हजार चार सय ९५ अर्थात् ४४ दशमलव ४१ प्रतिशत फछ्र्योट भई एक हजार आठ सय ७१ बाँकी रहेको छ । नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

## न्याय छिटोछरितो हुनुपर्छः राष्ट्रपति



राष्ट्रपति रामचन्द्र पौडेलले वास्तविक रूपमा पीडितले समयमै न्याय पाउन सकेमा मात्र न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि भई न्यायपालिकाका उद्देश्य हासिल हुनसक्ने बताएका छन् । राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित समारोहमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले बुझाएको सर्वोच्च अदालत, न्यायपरिषद् र न्याय सेवा आयोगको आर्थिक वर्ष २०७९÷८० को वार्षिक प्रतिवेदन बु्झ्दै राष्ट्रपति पौडेलले उक्त धारणा व्यक्त गरेका हुन् । जनताको आस्था, विश्वास र धरोहरको केन्द्र न्यायपालिकाले आगामी दिनमा पनि जनविश्वास प्राप्त गर्न सकोस भन्दै उनले न्याय सस्तो र सर्वसुलभ भई गरिब, असहाय, अशक्त र अल्पसंख्यकको सहज पहुँचमा हुनुपर्नेमा जोड दिए ।
'न्याय छिटोछरितो, पीडितमैत्री भएमा न्यायालयको स्वतन्त्रता, अखण्डता र सक्षमता कायम रही रहनेछ भन्ने विश्वास लिएको छु', राष्ट्रपति पौडेलले भने, 'न्याय क्षेत्रका सुधारका नीति, योजना र प्रतिवेदनलाई पूर्णरूपमा कार्यान्वयनमा लैजान सके कानुनी शासनको प्रत्याभूति हुने कुरा सुनिश्चित गर्न सहज हुन्छ ।' राष्ट्रपति पौडेलले न्यायिक प्रक्रियामा सूचना प्रविधिको विकासलाई सुदृढ गर्दै प्रविधिमैत्री बनाई तारेख व्यवस्थापन, फैसला कार्यान्वयन प्रभावकारी बनाउने, दण्ड जरिवाना असुलीको अभियान सञ्चालन गर्नेलगायतका कार्यको माध्यमद्वारा न्यायिक कार्यमा शुद्धता, पवित्रता, निष्ठा, इमान्दारिता र जवाफदेहिता कायम गर्ने सन्दर्भमा सर्वोच्च अदालत तदारूकताका साथ लागेको छ भन्ने विश्वास व्यक्त गरे ।
न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र गतिशील एवं न्यायको मर्मलाई दरिलो बनाई यसप्रतिको जनविश्वास थप मजबुत बनाउँदै स्वतन्त्र र निष्पक्ष भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए । राष्ट्रपति पौडेलले भने, 'मुद्दाको चाप र मुद्दा फछ्र्योटको हालको अवस्था नै सर्वोच्च अदालतको गहन चुनौती र यसको सहज अवतरणको खोजी गर्नु हो । यसको निराकरणका लागि कानुनमा आवश्यक सुधार गर्नुपर्ने देख्दछु ।'

# तीन जनाको हत्या गरी आत्महत्या !

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँको नागार्जुन नगरपालिका–६ भैरबटोलमा एकै परिवारका तीन जनाको हत्या भएको छ ।
सोलखुम्बुको दूधकुण्ड घर भई नागार्जुन नगरपालिका–६ भैरबटोलमा बस्दै आएकी ३८ वर्षीया ईश्वरी श्रेष्ठ, निजकी आठ वर्षीया छोरी अनिशा श्रेष्ठ र साढे दुई वर्षकी नातिनी सिवानी श्रेष्ठको हत्या भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । सो हत्यामा निज ईश्वरीका श्रीमानको संलग्नता रहेको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।
ईश्वरीका श्रीमान् राजु घिमिरे भनिने काजी विकको शव पनि घरभन्दा केही पर जङ्गलमा झुण्डिएको अवस्थामा फेला परेकाले उक्त हत्यामा निज काजी विककै हात रहेको अनुमान गरी प्रहरीले अनुसन्धान थालेको प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिए । उनले भने, 'परिवारका सदस्यहरुको हत्या गरेपछि उनले आत्महत्या गरेको प्रारम्भिक अनुमान छ । यसै विषयमा केन्द्रित रही प्रहरीले अनुसन्धान थालिसकेको छ ।' घटना बुधबार बिहानको हो । विहान साढे नौ बजेपछि कोठाभित्र शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । त्यसको केही समयपछि विक पनि घरभन्दा केही परको जङ्गलमा झुण्डिएको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरी घटनास्थलमा आउँदा उनको मृत्यु भइसकेको थियो ।

# कोशीमा पहिचानवादीसँग तीन बुँदे सहमति

**मधेशदृष्टि**
**वीरगंज ।**
विगत लामो समयदेखि आन्दोलनरत पहिचानवादी र कोशी प्रदेश सरकारको वार्ता टोलीबीच तीन बुँदे सहमित भएको छ । बुधबार प्रदेश १ पुनः नामकरण संघर्ष समितिसँगको वार्तामा तीन बुँदे सहमति भएको हो । उनीहरूबिच प्रदेशको पुनः नामाङ्कनको प्रक्रियालाई अगाडि बढाउन सरकार र आन्दोलनरत पक्ष दुवैले ठोस कसरत गरेर निष्कर्षको चरणमा पुर्याउन आगामी वार्तासम्ममा पहल गर्ने सहमति भएको छ । यसअघिको वार्तामा दुई पक्षबिच पाँच बुँदे सहमति भएको थियो । उक्त सहमितलाई लिएर समीक्षा गर्ने भनिएको छ । सरकारको तर्फबाट यसअघिको वार्तामा भएको सहमतिको बुँदा नम्बर ३ र ४ कार्यान्वयन प्रक्रिया अगाडि बढेको प्रगति विवरण प्रस्तुत भएको र सो विषयप्रति दुवै पक्षबाट सकारात्मक समीक्षा गर्दै फाल्गुन मसान्तभित्र कार्यान्वयन गर्ने तीन बुँदे सहमति पत्रमा उल्लेख छ । त्यस्तै, पहिचानको आन्दोलनको क्रममा लागेका मुद्दाहरु फिर्ता लिने सम्बन्धमा विभिन्न अदालतहरुमा विचाराधीन मुद्दाहरुको विवरण र घाइतेहरुको उपचार खर्चको विवरण संकलन गरी पेस गर्न सरकार पक्षबाट दुई जना र आन्दोलनरत पक्षबाट दुई जना रहने गरी एक कार्यदल गठन गर्ने सहमति भएको हो ।

# एमाले बैठकः अनुशासन र विधि–पद्धति कडाइ गर्न माग




**रासस**
**काठमाडौँ ।**
नेकपा (एमाले) को जारी केन्द्रीय कमिटीको सातौँ पूर्ण बैठकमा पार्टीभित्र अनुशासन, आचरण, विधि र कार्यपद्धतिलाई कडाइका साथ पालना तथा माथिल्लो तहबाटै शुद्धीकरण गर्न समूहगत छलफलमा आवाज उठेको छ । बैठकमा प्रस्तुत अवधारणा र कार्ययोजनामाथि बुधबार समूहगत छलफलका क्रममा सहभागी केन्द्रीयका सदस्यहरुले मूलतः विधान र नियमावलीको प्रभावकारी कार्यान्वयन, कमिटी प्रणालीलाई स्थापित गर्न जोड दिएका हुन् । छलफलमा पार्टीमा आचारसंहिता बनाएर कार्यान्वयन गर्नुपर्ने, पार्टीलाई विधिपूर्वक सञ्चालन गर्नुपर्ने, आलोचना र आत्मालोचनाको विषयलाई नियमित बनाइनुपर्नेजस्ता पार्टी सङ्गठन निर्माणमा महत्व राख्न सहभागीले गम्भीरतापूर्वक सुझाव राखेको एमालेको केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।
बुधबारको बैठकमा प्रस्तुत अवधारणामाथि केन्द्रित भएर विभिन्न नौ समूहले बुधबार छलफल गरेका हुन् । समूहगत छलफलमा उठेका विषयमा स्थायी कमिटीको समूहबाट सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारी, कोशी प्रदेशबाट अध्यक्ष घनश्याम खतिवडा, मधेस प्रदेशबाट अध्यक्ष चन्द्रेश्वर मण्डल, बागमती प्रदेशबाट अध्यक्ष कैलाश ढुङ्गेल, गण्डकी प्रदेशबाट अध्यक्ष नवराज शर्मा, लुम्बिनी प्रदेशबाट अध्यक्ष राधाकृष्ण कँडेल, कर्णाली प्रदेशबाट अध्यक्ष गुलाबजङ्ग शाह, सुदूरपश्चिम प्रदेशबाट अध्यक्ष कृष्णप्रसाद जैसी र केन्द्रीय विभाग, उपत्यका तथा सम्पर्क विशेष, जनसङ्गठन, प्रवास समूहबाट केन्द्रीय सदस्य पेम्बा लामाले आ–आफ्नो समूहको लिखित प्रतिवेदन बिहीबारको बैठकमा प्रस्तुत गर्ने छन् । समूहगत छलफलमा संसद्को कामलाई प्रभावकारी बनाउनुपर्ने, जनताका मुद्दामा विशेष ध्यान दिनुपर्ने, विकास, निर्माण र समृद्धिका मुद्दालाई केन्द्रमा राखेर प्रस्तुत हुनुपर्ने, समृद्ध नेपाल र सुखी नेपालको नारालाई कार्यान्वयन गर्न केन्द्र, प्रदेश, जिल्ला, पालिका र वडासम्म संयन्त्र निर्माण गरी कार्य प्रारम्भ गर्नुपर्ने सुझाव सहभागीले राखेका छन् ।

# धम्की दिई ५० लाख माग्ने दुई जना पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले डर, त्रास तथा धम्की दिई ५० लाख रुपैयाँ रकम माग गर्ने दुईजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा कैलाली टीकापुर नगरपालिका–१ बस्ने ३६ बर्षीय हृदयराज बोगटी उपनाम विश्वजित बटला तथा नुवाकोट ककनी नगरपालिका–३ बस्ने ३६ बर्षीय नरहरि ढुङगाना उपनाम रमेश रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनले भने, 'केही व्यक्तिले योजनाबद्ध तरिकाले पीडितलाई पटक–पटक फोनमार्फत तथा प्रत्यक्ष भेट गरी डर, धम्की तथा त्रास देखाई ५० लाख रुपैयाँ माग गरेको भन्ने गोप्य सूचनाका आधारमा हाम्रो कार्यालयबाट खटिएको विशेष अनुसन्धान टोलीले चन्द्रगिरि नगरपालिका–९ मच्छेगाउँबाट उनीहरुलाई पक्राउ गरेको हो ।'
पक्राउ परेकाहरुलाई आपराधिक लाभ मुद्दामा थप अनुसन्धान तथा कारबाहीका लागि मङ्गलबार जिल्ला प्रहरी परिसर, काठमाडौँ पठाइएको र निजहरुका साथबाट प्रहरीले मोटरसाइकल (सु.प.प्र.–०१००९ प ६६१० एक थान, विभिन्न कम्पनीका मोबाइलहरु चार थान तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को सहयोग रसिद एक ठेली बरामद गरेको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताए ।

# स्वच्छ खानेपानी सबैको नैसर्गिक अधिकार होः मन्त्री



**रासस**
**काठमाडौँ ।**
खानेपानीमन्त्री महिन्द्रप्रसाद राय यादवले स्वच्छ खानेपानी उपभोग गर्न पाउनु सबै नेपालीको नैसर्गिक अधिकार भएको बताएका छन् । प्रतिनिधिसभा सदस्य शान्ति श्रेष्ठको नेतृत्वमा गोकर्णेश्वर नगरपालिका वडा नं ५, ६, ८ र ९ का खानेपानीको समस्या भोगिरहेका जनताद्वारा प्रस्तुत ज्ञापनपत्र बुझ्दै उहाँले खानेपानीसम्बन्धी जनताको माग न्यायोचित रहेकाले यसलाई सम्बोधन गर्न हरसम्भव प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री यादवले भने, 'काठमाडौँ उपत्यकामा वितरण गर्न ल्याइएको खानेपानीको सङ्कलन केन्द्र वरपरका प्रभावित जनताले पानी पाउनुपर्छ भन्नेमा दुई मत छैन । स्वच्छ र शुद्ध खानेपानी पाउनु सबैको नैसर्गिक अधिकार हो ।' उनले त्यस क्षेत्रका प्रतिनिधिसभा सदस्य, स्थानीय तहका प्रमुख तथा खानेपानी वितरणसँग सम्बन्धित सबै सरोकारवालासँगको छलफलपछि नागरिकका माग सम्बोधन गरिने बताए ।
ती चार वडामा बसोबास गर्ने करिब १५ हजार घरधुरीमा रहेका ६० हजार बासिन्दाले खानेपानीको समस्या झेल्दै आएको ज्ञापन पत्रमा उल्लेख छ । उक्त नगरपालिकाको वडा नं ९ मा मेलम्ची खानेपानी आयोजनाका ठूला पानी ट्याङ्की निर्माणाधीन छन् । सुन्दरी जल खानेपानी आयोजनाको मूल पाइप पनि सोही नगरपालिकाका विभिन्न तीन वटा वडा भएर गएको छ । दुवै खानेपानी आयोजनाबाट प्रभावित त्यस क्षेत्रमा २० वर्षदेखि खानेपानीको अभाव हुँदैआएको छ । बोरिङ गरी जमिनमुनिबाट पानी निकाल्ने क्रममा ग्याँस निस्केर टोल र समाज नै आतङ्कित हुने गरेको पनि ज्ञापनपत्रमा उल्लेख छ । सो अवसरमा सांसद श्रेष्ठले 'बत्तीमुनि अध्यारो' भन्ने उखानजस्तै यहाँका जनतालाई आगामी सुक्खायाममा काकाकूलको अवस्था आउन नदिनेतर्फ ध्यान पुर्याउन मन्त्री यादवको ध्यानाकर्षण गराए ।

# ललिता निवास क्षेत्रको जग्गा खाली गर्न महानगरको आग्रह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले वडा नं ४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको जफत (सरकारी) भएको सम्पत्ति संरक्षण गर्ने भन्दै उक्त क्षेत्र एक साताभित्र खाली गर्न आग्रह गरेको छ ।
विशेष अदालतको फैसलासँगै उक्त जग्गा सरकारी भएकाले सात दिनभित्र ललिता निवास क्षेत्रमा रहेका व्यक्ति, कम्पनी तथा सङ्घसंस्थाहरुलाई उक्त क्षेत्रबाट हट्न महानगरले आग्रह गरेको हो ।
सरकारी सम्पत्तिको संरक्षण तथा उचित प्रवन्ध गर्ने कार्यमा महानगरपालिकालाई सहयोग गर्न आग्रह समेत गरिएको महानगरपालिकाका सहायक प्रवक्ता दीपक अधिकारीले जानकारी दिए ।
उनका अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १३ स्थानीय तहको सम्पत्तिको संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ९७ (१) ले काठमाडौँ महानगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मतसम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने कानुनी दायित्व महानगरपालिकालाई तोकेकाले ललिता निवास खाली गराउन आग्रह गरिएको हो ।
यसैगरी, महानगरपालिकाले एक सार्वजनिक सूचना प्रकाशित गरी तोकेको समयभित्र सो क्षेत्रबाट नहटेमा प्रचलित कानुनबमोजिम हटाई सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गरिने जनाएको छ ।


## शिक्षक शिक्षिका चाहियो

यस प्रकाश कम्प्युटर एण्ड ट्युसन सेन्टरका लागि तपसिल बमोजिमका ट्युसन तथा कोचिङ र कम्प्युटर कक्षाका लागि शिक्षकशिक्षिका तथा प्रशिक्षक आवश्यक भएकाले इच्छुक शिक्षकशिक्षिका तथा प्रशिक्षकहरुले सम्पर्क गर्नुहुन अनुरोध छ ।
**विषयहरुः कम्प्युटर, विज्ञान, गणित, अंग्रेजी**

**सम्पर्कः**
**प्रकाश कम्प्युटर एण्ड ट्युसन सेन्टर**
जनकपुरधाम
**मोबाइल नम्बरः ९८६२५७०९६६**

# नक्कली 'कनेक्ट आईपिएस' बनाएर ग्राहक ठग्ने पक्राउ

**मधेशद्दष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले राष्ट्रिय वाणिज्य बैंकको वीरगंजमा रहेको पोखरिया शाखाका एक कर्मचारीलाई नक्कली 'कनेक्ट आईपिएस' बनाएर ग्राहकको पैसा चोरी गरेको आरोपमा पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बाणिज्य वैंकका पोखरीया शाखाका कनिष्ट सहायक रोहित कुमार ओझा रहेका छन् । नक्कली 'कनेक्ट आइपिएस' बनाएर ओझाले १ करोड ३७ लाख ८६ हजार रकम आफ्नो र अन्य व्यक्तिको खातामा ट्रान्सफर गरेको भेटिएपछि उनलाई थप अनुसन्धानका लागि पक्राउ गरिएको हो ।

प्रारम्भिक अनुसन्धानबाट १ करोड ३७ लाख ८६ हजार रकम नक्कली 'कनेक्ट आइपिएस' बनाएर चोरी गरेको भेटिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सिआईबीका सूचना अधिकारी एवम् प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताए । आरोपीबिरुद्ध ब्यूरोले जिल्ला अदालत काठमाडौंबाट म्याद गरी अनुसन्धान अगाडी बढाएको छ ।

# ट्र्याक्टर दुर्घटनामा दुई जनाको मृत्यु



**मधेशद्दष्टि**
**रौतहट ।**
सर्लाहीमा ट्याक्टर पल्टिएर दुर्घटना हुदाँ दुई जनाको मृत्यु भएको छ । रौतहटको गढिमाई नगरपालिकाको मलाही टोलबाट आलु खन्न १७ जना खेतालाहरु लिएर सर्लाहीको हजरिया जाँदै गरेको नम्बर प्लेट नखुलेको ट्र्याक्टर पल्टिएर दुर्घटना हुदाँ दुई जनाको मृत्यु भएको हो । दुर्घटनामा ट्याक्टरका चालक रौतहटको गढिमाई नगरपालिका ९ का ५५ बर्षिय जयलाल सहनी र ५० बर्षिय रामनाथ सहनीको मृत्यु भएको हो ।

दुवै जनाको गरुडास्थित सिटी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक ओम प्रकाश खनालले जानकारी दिए ।

उनीहरूको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाईएको प्रहरीले जनाएको छ । सोही दुर्घटनामा परि गम्भीर घाईते भएका वर्ष १७ का आकाश सहनी र वर्ष ७ का किसन सहनीलाई गरुडामा प्राथमिक उपचार पछि वीरगंज रिफर गरिएको डिएसपी खनालले जानकारी दिए । ६७ वर्षीय राम प्रसाद सहनी समान्य उपचार पश्चात घर फर्केका छन् ।

४८ वर्षीया गन्धी देवी, ४५ वर्षीया सुखली देवी, १८ वर्षीय नितेश सहनी, १६ वर्षीया अञ्चला कुमारी सहनीसहित ६ जनाएको प्रादेशिक अस्पताल गौरमा उपचार भईरहेको छ । बाँकी ८ जनालाई सामान्य चोटपटक लागेको प्रहरीले जनाएको छ । बाँधमा विपरित दिशाबाट आउँदै गरेको मोटरसाईकलसँग साईड लिने क्रमामा दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको रौतहट प्रहरीले जनाएको छ ।

# स्वास्थ्य शाखा प्रमुखलाई श्रद्धाञ्जलि



**मधेशद्दष्टि**
**रौतहट ।**
देवाही गोनाही नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख मनोज यादवको मंगलबार राति हृदयघात भई निधन भएकोमा स्वास्थ्य कार्यालय रौतहटले श्रदाञ्जली व्यक्त गरेको छ ।

स्वास्थ्य कार्यालय रौतहटको आयोजनामा जिल्ला समन्वय समिति रौतहटका प्रमुख राम अयोध्या यादवको अध्यक्षतामा गौरमा भएको कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख यादवको निधन भएकोमा एक कार्यक्रमबीच श्रदाञ्जली व्यक्त गरिएको हो ।

कार्यक्रममा रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, स्वास्थ्य कार्यालय प्रमुख विपिन कुमार साह, नेपाल रेडक्रसका सभापति राजकिशोर यादव, सशस्त्र प्रहरी उपरीक्षक विक्रम कुमार राईसहितले स्वास्थ्य प्रमुख यादवको असामयिक निधनले दुःखी बनाएको भन्दै उनीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजन एवम् आफन्तजनमा गहिरो समवेदना समेत व्यक्त गरेका थिए ।

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध

मधेशद्दष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशद्दष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशद्दष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# पर्सागढीमा दादुरा/रुबेलाविरुद्धको खोप अभियान चलाइने

**मधेशद्दष्टि**
**वीरगंज ।**
राष्ट्रिय खोप कार्यक्रम एम.आर खोप अभियानबारे पालिका स्तरिय खोप समन्वय समितिको अभिमुखीकरण कार्यक्रम पर्साको पर्सागढि नगरपालिकामा सम्पन्न भएको छ ।

पर्सागढी नगरपालिका कार्यालय स्वास्थ्य शाखाको आयोजनामा आयोजित कार्यक्रम पर्सागढीको सभाहलमा सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै मेयर गोकर्ण पाठकले फागुन १३ गतेदेखि २१ गते सम्म चल्ने दादुरा/रुबेला खोप अभियान सफल पार्न सबैसँग आग्रह गरे । पर्सागढिका स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद पौडेलले पालिकाभित्र रहेका ९ महिना देखि १५ वर्ष उमेर समूहका बालबालिकाहरुलाई खोप लगाउन पालिकाभित्र ९ वटै वडामा ७६ वटा खोप केन्द्रमा एकसय ४१ जना स्वास्थ्यकर्मी खटाइने बताए । उनले सामुदायिक तथा निजी विद्यालयमा अध्ययनरत बालबालिका तथा विद्यालय बाहिरका बालबालिकाहरुको लागि वडाभित्र रहेका स्वास्थ्य चौकी, खोप केन्द्र तथा हरेक गाउँटोल समुदायमा पुगेर खोप लगाउन स्वास्थ्यकर्मीहरुलाई निर्देशन समेत दिएका छन् ।

अभिमुखिकरण कार्यक्रममा पर्सागढिका नगर उपप्रमुख पुजा चौधरी, वडा अध्यक्षहरु विरेन्द्र महतो, शेख खुर्सेद, नवलकिशोर कलवार, शंकर रायभर, रामबढाई प्रसाद यादव, कार्यपालिका सदस्य सीता लामा, लक्ष्मी बिक, चन्दा देवी थरुनी, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

# निशुल्क स्वास्थ्य शिविर सञ्चालन

**मधेशद्दष्टि**
**रौतहट ।**
रौतहटको पूर्वी भेग दुर्गा भगवती गाउँपालिकामा दुई दिने निशुल्क स्वास्थ्य शिविर संचालन भएको छ । गाउँपालिका अध्यक्ष शम्भु सिंहको सक्रियतामा बुधबारदेखि दुई दिने निशुल्क स्वास्थ शिविर सञ्चालन भएको हो । निशुल्क स्वास्थ्य शिविरको बुधबार बिहान गाउँपालिका अध्यक्ष शम्भु सिंहले उदघाटन गरेका थिए । शिविरमा पालिकाकी उपाध्यक्ष शिला देवी, प्रमुख प्रशासकीय अधिकृत परमानन्द पाठक, वडा अध्यक्षहरु धर्मेन्द्र कुमार झा, प्रद्युमन चौधरी, धर्मनाथ चौधरी, स्थानीय समाजसेवी एवम् राजनीतिकर्मी राजेश चौधरी, प्राविधिक शाखा प्रमुख हेमन्त झा, स्वास्थ्य संयोजक दिनेश महतो लगायतको उपस्थित रहेको ईन्जिनियर सुरज मिश्राले जानकारी दिए । शिविरमा मुटु तथा नशा रोगबाट ग्रसित रहेका विरामीहरुलाई विषेशज्ञ डाक्टरहरुद्वारा निशुल्क जाँच तथा उपचार गरिने अध्यक्ष सिंहले बताएका छन् ।


प्रदेशमै मुटु सम्बन्धी सफल इन्टरवेशन सर्जरी गर्दै आएका नेशनल मेडिकल कलेज वीरगंजका वरिष्ट मुटु रोग विशेषज्ञ डा. जीतेन्द्र कुमार मिश्रा, डाक्टर अफरोज अन्सारी तथा वरिष्ठ स्पाईन नशा रोग विशेषज्ञ डाक्टर सरफरोज अंसारीसहितको टोलीले दुर्गा भगवतीस्थित सरस्वती माध्यमिक विद्यालयको प्राङगणमा शिविर संचालन गरिएको छ । शिविरमा निशुल्क स्वास्थ्य जाँचका साथै मुटु तथा छाती सम्बन्धी समस्या भएका विरामीलाई इसिजी, भिडियो एक्सरे, इको, सुगर जाँच, ब्लड प्रेसर लगायत जाँच भईरहेको छ । विरामीलाई आवश्यकता अनुसारको औषधी समेत निशुल्क उपलब्ध गराईने अध्यक्ष सिंहले बताए । शिविर सञ्चालनबाट मुटुका विरामीहरुलाई उपचारका लागि वीरगंज र काठमाण्डौं जानु पर्ने बाध्यता हटेको उनको भनाई छ ।

# सर्लाहीमा नमूना युवा संसद अभ्यास कार्यक्रम सुरु

**मधेशद्दष्टि**
**सर्लाही ।**
सर्लाहीको रामनगर गाउँपालिकामा नमूना युवा संसद अभ्यास सम्बन्धी ४ दिवसीय प्रशिक्षण कार्यक्रम सुरु भएको छ । रामनगर गाउँपालिकाको अध्यक्ष राजाबाबु यादवले उद्घाटन गरे सँगै रामनगर गाउँपालिकाको सभाहलमा नमूना युवा संसद अभ्यास सम्बन्धी ४ दिवसीय प्रशिक्षण कार्यक्रम सुरु भएको हो । नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको समन्वयमा शिक्षा युवा तथा खेलकुद शाखा रामनगरको आयोजनामा नमूना युवा संसद अभ्यास सम्बन्धी ४ दिवसीय प्रशिक्षण कार्यक्रम सुरु भएको शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख फेफु राय यादवले जानकारी दिए । उद्घाटन कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष यादवले कार्यक्रमले युवाहरुलाई सामाजिक राजनीतिक र आर्थिक रुपले थप उर्जाशील र गतिशील बन्न प्रेरित गर्ने बताए । 'नमूना युवा संसद कार्यक्रम अभ्यास कार्यक्रम यस वर्षदेखि गाउँपालिकामा सुरु गरिएको छ' उनले भने, 'यो कार्यक्रमबाट मुलुक सञ्चालन सम्बन्धी जानकारी हुन्छ, चार दिनमा त्यो अभ्यास गरिन्छ ।' देश विकास र समृद्धिमा युवा मेरुदण्ड भएको उल्लेख गर्दै गाउँपालिका अध्यक्ष यादवले सबै क्षेत्रमा सहकार्य र समन्वय आवश्यक हुने बताए । उनले भने, 'युवाको सहकार्य विना कुनै किसिमका काम सम्भव हुँदैन, त्यस प्रकारको युवाको



नेतृत्व क्षमता विकास गरी जानु पर्ने आवश्यकता छ ।' गाउँपालिका अध्यक्ष यादवले नयाँ संचरना अनुसार मुलुकलाई समृद्ध बनाउन उत्पादन र श्रम सम्बन्धलाई एक ठाउँमा लिएर पूँजी र प्रविधि परिचालन गर्नु पर्ने आवश्यकता औंल्याए । उदघाटन कार्यक्रममा वडा न.–१ का वडा अध्यक्ष ब्रह्म देव चौधरी, वडा २ का वडाध्यक्ष सदानन्द यादव, वडा ३ का वडाध्यक्ष अजय यादव, वडा ४ का वडाध्यक्ष बिरेन्द्र ठाकुर , वडा ५ का वडाध्यक्ष श्रीनन्दन प्र. यादव लगायतको सहभागिता रहेको थियो ।



*हामी भ्रमको इन्द्रेणीहरुम बाँचिरहेका छौँ र*
*यसैलाई जीवन मानिरहेका छौँ ।*
*–विलियम वेल्लास*

## सम्पादकीय

# वित्तीय जोखिम र कर्मचारीकै अपराध

*मान्छे आफू जेल बसेर पनि पैसा चैँ सुरक्षित हुन्छ भनेर बैंकमा राख्न तयार छ । तर पछिल्लो समय बैंक तथा सहकारी र लघुवित्त संस्थाहरुकै बदमासीले सर्वसाधारण निकै जोखिम मोलिरहेका छन् । ५१ वटा शाखा बन्द गरिसकेको तर विज्ञापनमा भने प्रतिस्पर्धी बजारमा उत्रिएको एनआइसी एसिया बैंकले दिएको नोटको गड्डीमा समेत नक्कली नोट फेला परेको छ । बैंकको जोखिम बढेको देखेर सर्वसाधारणले एक महिनामै १४ अर्ब रुपैयाँ निकालेर लगेका छन् । यसले एनआइसी एसिया बैंकको वित्तीय अवस्था खराब बनिरहेको छ । यसको कर्म राम्रो थियो या थिएन तर बैंकको खराब संकेत पाएपछि सर्वसाधारण दुःखको कमाइ र संरक्षणलाई जोखिममा पार्न चाहदैँनन् । त्यसैले एनआइसी एसिया बैंकको निक्षेप घट्दो छ । उसलाई अहिले शाखा बन्द गर्ने हतारो बढेको छ । भएको रकम लगानी गरिएको अवस्थामा सर्वसाधारणले माग्न आउँदा दिनसमेत कठिन हुने दिन टाढा छैन । जे होस्, व्यवस्थापनमा सानो मात्रै चुक भए सबै वित्तीय संस्थाको हालत एनआइसी एसियाकै हुनेमा शंका रहेन । अरु पनि थुप्रै प्रतिस्पर्धी बैंक तथा वित्तीय संस्था र सहकारीहरुलाई पनि यो सिकाइको विषय हो । वीरगंजकै सानो पाइला बचत सहकारीले पनि जनताको करोडौँ रुपैयाँ हिनामिना गरेको लुकेको छैन ।*

*यता फेरि सरकारी बैंककै कर्मचारीले पनि सर्वसाधारणको रगतपसिनामा तर मार्दारहेछन् भन्ने उदाहरण सतहमा आएको छ । त्यो पनि पर्साको पोखरियामै रहेको बैंकको कर्मचारीबाट । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले अरुको खाताबाट पैसा चोरी गरेको आरोपमा राष्ट्रिय वाणिज्य बैंक पोखरिया शाखाका कर्मचारीलाई पक्राउ गरेपछि यस्तो घटना बाहिर आएको हो । राष्ट्रिय वाणिज्य बैंकको खातामा रहेको अरुको खातामा अनाधिकृतरुपमा प्रवेश गरेर एक करोड रुपैयाँ भन्दा बढी पैसा निकालेको पाइएको हो । सिआइबीको टोलीले बैंकको पर्सा, पोखरिया शाखाका कर्मचारीलाई पक्राउ गसिकेको छ । राष्ट्रिय वाणिज्य बैंक, काठमाडौँ, बानेश्वर शाखाको खाताबाट १ करोड ३७ लाख ८६ हजार रुपैयाँ चोरिएको पाइएको हो । यसरी बदमासी गर्ने चैँ राष्ट्रिय वाणिज्य बैंक पर्सा, पोखरिया शाखाका कर्मचारी रोहितकुमार ओझा हुन् । नक्कली 'कनेक्ट आइपिएस' बनाएर बानेश्वरमा रहेको अरुको खाताबाट पैसा चोरी भएको हो । कोरियामा बसेर रगतपसिना बगाएर खातामा जम्मा गरेको रकम चोरीमा सरकारी बैंककै कर्मचारीको संलग्नता भेटिएको हो ।*

*लघुवित्तका कारण समाज विभाजित छ । चर्को ब्याज असुलीले कैयौँले आत्महत्या गर्नु परेको छ । सहकारीको ठगी उस्तै छ । एउटा व्यक्तिले १६ अर्ब रुपैयाँ हिनामिना गरेर फरार भएका छन् । निजीक्षेत्रको प्रतिस्पर्धी बैंकले पनि नक्कली नोट भुक्तानी गरिरहेको छ । हुँदाहुँदा सरकारी बैंककै कर्मचारीले पनि नागरिकको धनमाथि गोलमाल गर्न थालेपछि भरोसा कसको गर्ने । बढ्दो वित्तीय अपराध र जोखिम नियन्त्रणमा कठोर कदम चाल्न सकिएन भने अर्थतन्त्र अरु धरासायी हुनेमा शंका छैन । बेलैमा सोचौँ कि अपराध गर्नेहरुलाई कारबाही गरेर गुमाएको आर्थिक क्षेत्रको विश्वास फिता गरौँ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# मातृभाषा प्रवर्द्धनको अवस्था र पहल



गणेशकुमार राई

महात्मा गान्धीले आत्मकथामा मातृभाषाबारे मननीय वाक्यांश उल्लेख गरेका छन् । 'जो हिन्दूस्तानी आमा–बाबु आफ्नो बच्चासँग बाल्यकालदेखि अङ्ग्रेजीमा कुराकानी गर्न थाल्छन्, उनीहरू आफ्नो राष्ट्रको द्रोह गर्छन्। मैले यो पनि मानेको छु कि यसले बालक आफ्नो देशको धार्मिक र सामाजिक बिरासतबाट बञ्चित रहन्छ। त्यत्तिकै अंशमा देशको र विश्वको सेवा गर्नका निम्ति कमयोग्य बन्छ । मातृभाषाको सामान्य ज्ञान जो स्वतः उनीहरू पाउँछन्, त्यसले उनीहरूको र राष्ट्रको फाइदा नै पुगेको हुन्छ र आज उनीहरू परदेशीजस्तो भएका छैनन्।

गान्धीको अभिव्यक्ति उन्नाइसौँ शताब्दीको हो । भारतबाट अङ्ग्रेजको साम्राज्य हट्यो । तर पनि अङ्ग्रेजी भाषाको विस्तार दक्षिण एसियामात्र होइन, विश्व समुदायलाई गाँज्दै लगेको अवस्था छ। २१औँ शताब्दीसम्म आइपुग्दा विश्वको करिब सात हजार मातृभाषाको संख्या दिनानुदिन घट्दो अवस्थामा रहेको छ। हाम्रोजस्तो बहुभाषिक समाजलाई दिन दुईगुना रात चौगुना भने जसरी विदेशी भाषाले थिचिरहेको अवस्था छ। एक दिन कविता वाचन गराएर मात्र मातृभाषाको विकास हुन सक्दैन। तीनै तहको सरकारले मुलुकभित्र बोलिने मातृभाषालाई संविधान अनुकूलको व्यवहार गर्न जरुरी छ।

नेपाल प्रज्ञा–प्रतिष्ठान (नेप्रप्र)ले २०१० देखि २०२२ सम्म दुईदिने मातृभाषा कविता महोत्सवको आयोजना गर्दै आयो। नेप्रप्रको तत्कालीन कुलपति बैरागी काइँला नेतृत्वले छुट्टै एकेडेमीमा मातृभाषा साहित्य विभाग गठन गरेर मातृभाषा क्रियाकलापलाई बढावा दियो र दिवसको सन्दर्भमा कविता महोत्सवको आयोजना गर्दै आयो । त्यसपछिको दुई कार्यकाल गङ्गाप्रसाद उप्रेती कुलपति रहँदासम्म निरन्तरता दियो । नेप्रप्रलगायतका सरकारको कुनै पनि निकायसँग मुलुकको मातृभाषाहरूको संरक्षण, संवद्र्धन र प्रवद्र्धन गर्ने लिखित कार्यतालिका छैन।

नेप्रप्रले २०१० देखि २०२२ सम्म गर्दै आएको मातृभाषा दिवसमा वाचित कविताको संगालो प्रकाशन गर्दै आएको थियो । अनुसन्धानमूलक 'मातृभाषाको रूपरेखा' तीन खण्ड र 'मातृभाषा साहित्यको इतिहास' दुई खण्ड प्रकाशित गरिएको थियो । त्यसैगरी 'सयपत्री' अर्धवार्षिक बहुभाषिक पत्रिका, नेवाः भाषाको 'थायभू', लिम्बू भाषाको 'फक्ताङ्लुङ', मैथिली भाषाको 'आङन' पत्रिका प्रकाशन गर्दै आएकामा अहिले ती प्रकाशनलाई निरन्तरता दिइएको छैन। यद्यपि सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा–प्रतिष्ठान' नारा लिएर हरेक महिनाको अन्तिम शुक्रबार मातृभाषा साहित्य शृंखला आरम्भ गरिएको छ। उक्त शृंखलामा एउटा भाषाबारे विमर्श र दुई–तीन भाषामा कविता वाचन गराउँछ। नेप्रप्रले यो वर्ष अन्तर्राष्ट्रिय मातृभाषा दिवस–२०२४ धरान उपमहानरपालिकासँग सहकार्यमा धरानमा कविता महोत्सव गर्दैछ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले दिवसको सन्दर्भमा एक मातृभाषी दिग्गजलाई सम्मान, कविता वाचन कार्यक्रम र 'थुँगा' कविता सँगालो प्रकाशन गर्दै आएको छ। यसका अतिरिक्त विभिन्न मातृभाषाका साहित्य, संस्कृति, इतिहासलगायत विविध विषयका पुस्तक प्रकाशन गर्दै आएको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार स्थापित यो प्रतिष्ठानले स्थापनाकालदेखि दुई दशकमा अनुसन्धान, साहित्य, इतिहास, संस्कृतिजस्ता सैयौँ पुस्तक प्रकाशन गर्दै आएको छ। प्रतिष्ठानको उपाध्यक्ष र सदस्यसचिव राजनीतिक पार्टीको सक्रिय कार्यकर्तालाई नियुक्त गर्ने परम्पराले यो निकायले प्राज्ञिक आकार भने लिनसकेको छैन।

**सरकारी सञ्चारमा मातृभाषा**

सरकारी मातहतका सञ्चारमाध्यमले मातृभाषाहरूको संरक्षणमा केही सकारात्मक पहल गर्दै आएका छन्। रेडियो नेपालले २०५१ भदौ १ गतेदेखि विभिन्न मातृभाषामा समाचार प्रसारण गर्दै आएको छ। रेडियो नेपालले अहिले केन्द्र र प्रादेशिक प्रसारणबाट २२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम सञ्चालन गरेको छ । केही समयअघि बज्जिका भाषाको समाचार प्रसारण आरम्भ भएको छ भने बैतडेली भाषामा योग्य उम्मेवार नपाउँदा समेट्न नसकिएको बताइएको छ । सोह्रौँ पञ्चवर्षीय योजनामा ३० भाषामा समाचार र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ।

गोरखापत्र संस्थानले २०६५ असोज १ गतेबाट गोरखापत्र दैनिकमा बहुभाषिक 'नयाँ नेपाल' पृष्ठमा आरम्भ गरेको छ। अहिले ४१ वटा मातृभाषाका सामग्री प्रकाशन गरिँदै आएको छ। छ महिनाअघि तीन भाषा थपिएर ४१ भाषाका सामग्री प्रकाशन हुँदै आएको छ। एउटा भाषाले महिनामा एकपटक र एक महिना बिराएर दुईपटक छापिने गरेको छ। मुलुकमा बोलिने भाषाहरू लेखनमा देवनागरी, रोङ, किरात सिरिजङ्गा, सम्भोटा, तामयिग, रञ्जना (नेवाःलिपि), ओलचिकि, खेमा, मिथिलाक्षर, अक्खा, कोइँच ब्लेसे (सुनुवारलिपि), कैथी, धम, नस्तालिक, ब्रेल, अरबी, रोमन, गुरुमुखी, बाङला लिपि प्रयोग गरेको पाइन्छ। गोरखापत्रमा प्रकाशित भाषिक सामग्रीहरू लिम्बू, तामाङ, उर्दू, मुगाललगायत केही भाषा सम्बन्धित लिपिमा छापिने गरेको पाइन्छ।

राष्ट्रिय समाचार समिति (रासस) नेपालको एकमात्र समाचार सेवा प्रदायक संस्था हो। नेपाली र अङ्ग्रेजी भाषामा देशभरिका पाँच सयभन्दा बढी पत्रपत्रिका, रेडियो, अनलाइन, टेलिभिजनहरूलाई समाचार सेवा दिँदै आएको राससले यसै वर्षबाट अन्य मातृभाषाको समाचारसमेत सेवा आरम्भ गरेको छ । नेपालगञ्ज नगरपालिकासँगको सहकार्यमा पहिलोपटक अवधी भाषाको समाचार सेवा सुरु गरेको छ । अब काठमाडौँ, भक्तपुर र ललितपुर महानगरपालिकासँग सहकार्य गरी नेपालभाषाको समाचार उत्पादन गर्ने योजना बनेको छ। त्यसैगरी मैथिली, भोजपुरी र तामाङ भाषालाई प्राथमिकता दिन प्रदेश सरकार र स्थानीय तहसँग पहल अघि बढेको राससले जनाएको छ । यसैगरी नेपाल टेलिभिजनले अहिले सात भाषामा समाचार र १४ वटा भाषामा कार्यक्रम सञ्चालन गर्दै आएको छ । भोजपुरी, नेवार, मगर, अवधी भाषामा समाचार थप्ने योजना बनाएको छ।

**आदिवासी भाषा दशक**

संयुक्त राष्ट्रसङ्घले सन् २०२२ देखि २०३२ लाई आदिवासी भाषा दशक घोषणा गरेको छ। त्यसमा सदस्य राष्ट्र नेपाल सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रीकै अध्यक्षतामा मूल समिति गठन गरेको छ। अन्तर्राष्ट्रिय मातृभाषा दिवस एउटा अन्तर्राष्ट्रिय चाडका रूपमा स्थापित भएको छ। सरकारले भाषा आयोगलगायतका अन्य आयोगहरूलाई कार्यक्रमको बजेट उपलब्ध नगराउँदा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मात्र नभई आदिवासी भाषा दशकलाई प्रभावित तुल्याएको छ। राज्यको तर्फबाट दायित्व बहन भएको छैन। युनेस्को नेपाल च्याप्टरले जुन दायित्व बहन गर्नुपर्ने हो, त्यो अहिलेसम्म नगरेकाले पनि समस्या आएको हो।

नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै भाषा 'राष्ट्रभाषा'को सङ्ज्ञा दिएको छ। तर भाषा ऐन निर्माण नहुँदा सङ्घ, प्रदेश र स्थानीय सरकारले भाषासम्बन्धी ठोस काम गर्न सकेका छैनन्। यसै वर्ष बागमती प्रदेशले भाषा ऐन जारी गरेपछि नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजको भाषाका रूपमा लागू गर्ने प्रक्रिया अघि बढेको छ। भाषा आयोगले दिएको सुझावअनुसार बागमती प्रदेशले मात्र भाषा ऐन जारी गरेको छ । अहिले केही स्थानीय तहले स्थानीय विषयका रूपमा मातृभाषामा पठनपाठन सुरु गरेका छन्।

राष्ट्रिय जगणना २०७८ अनुसार मुलुकमा एक सय २४ भाषा छन्। भाषा संख्या बढ्नुले मातृभाषाप्रति जागरुकता बढेको आँकलन गर्न सकिन्छ तर अधिकांश भाषा अल्पसंख्यक छन्। कम मानिसले बोल्ने, लेख्य परम्परा छैन। केही भाषा त आफ्नै परिवारभित्र सीमित छन्। समुदायमा पनि प्रयोग हुँदैन । भाषाको प्रयोग भएन भने त्यो भाषा विस्तारै लोप हुँदै जान्छ । मातृभाषालाई जोगाइराख्न सरकारले पनि सहयोग गर्नुपर्छ । स्थानीय विषयका रूपमा पठनपाठन भयो भने मातृभाषा जोगाउन सकिन्छ । त्यसको डिजिटल अभिलेखीकरण हुनुपर्छ। बराम, पुमा, छिन्ताङलगायत अन्य केही भाषाहरूको अन्तर्राष्ट्रिय अर्काइभमा राखिएका छन्। भाषा आयोग, त्रिवि भाषा विज्ञान केन्द्रीय विभाग, प्रज्ञा प्रतिष्ठानले अल्पसंख्यकले बोल्ने भाषालाई लोप हुनुभन्दा पहिले त्यसको अभिलेखीकरणमा ध्यान दिन आवश्यक छ।

**भाषा दिवस**

बङ्गलादेशमा मातृभाषा (बङ्गाली भाषा) बोल्न पाउनुपर्ने मागसहित प्रदर्शनमा उत्रिएका विद्यार्थी मारिएको दिन सन् १९५२ फेब्रअरी २१ को सम्झनामा यो दिवस मनाइएको हो। युनेस्कोले १९९९ नोभेम्बर १७ मा यस दिनलाई विशेष दिनका रूपमा स्वीकार गर्यो भने सन् २००० मा संयुक्त राष्ट्रसङ्घले यस दिनलाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा घोषणा गर्यो। त्यसयता 'फेबुरअरी २१' (फागुन ९) लाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा मनाइँदै आएको छ। यो वर्ष सन् २०२४ मा 'बहुभाषिक शिक्षा नै अन्तर पुस्ता सिकाइको जग हो' नारासहित २५औँ दिवस मनाइँदैछ।

नेपालमा सन् २०१० देखि औपचारिक रूपमा यो दिवस मनाउन थालिएको हो । नेपाल प्रज्ञा–प्रतिष्ठान र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले यसको सुरुआत गरेका हुन्। त्यस निम्ति नेपालस्थित बङ्गलादेश दूतावास र युनेस्कोको संलग्नता रहँदै आएका छ। नेपालको संविधान, २०७२ मा भएको व्यवस्थाअनुसार गठित संवैधानिक आयोगहरू आदिवासी जनजाति आयोग, मधेशी आयोगले समेत मातृभाषा दिवसको सन्दर्भमा मातृभाषासम्बन्धी क्रियाकलाप गर्दै आएका छन्।

अन्त्यमा, महात्मा गान्धीले भने जसरी मातृभाषाको सामान्य ज्ञानबाट हाम्रा बालबालिका टाढिदै छन् । मातृभाषालाई हेला गर्दा राष्ट्रघात भइरहेको छ कि ? यसतर्फ तीनै तहका सरकारले गम्भीरतापूर्वक लिएर भाषा नीति निर्माण, सम्बन्धित भाषिक समुदायको सशक्तीकरण, उत्प्रेरणा जगाउने, स्रष्टाहरूको गुणात्मक विकासमा अग्रसर तुल्याउन जरुरी छ । रासस

# स्थानीय तहमा अख्तियारको ओहोरदोहोर

अनिलकुमार कर्ण

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह मंगलबार बिहान ललितपुरको गोदावरी जाने बाटोमा भेटिए। स्कुटी चलाउँदै गरेका उनी नेपाली कांग्रेसको महासमिति बैठक स्थलतर्फ जान लागेको यकिन गर्न कठिन थिएन।

सातदोबाटोबाट र गोदावरी जाने बाटोमा ओरालोमा हरिसिद्धि छ। त्यहाँनेर प्रमुख साहसँग जनकपुरधामका केही व्यक्तिसँग जम्का भेट भयो। एक जनकपुरवासीले सीधा प्रश्न गरे, 'सडकपेटी अतिक्रमित छ। बाटाघाटामा इरिक्साबाहेक केही देखिन्न । सार्वजनिक ठाउँमा बिजुलीबत्ती छैनन् । जनकपुरधामले कसरी तान्छ पर्यटक, मेयरसाब ?'






प्रमुख साहले सुधारका प्रयासबारे नबिराइकन बेलिबिस्तार लगाए । विकास प्रयासमा उत्पन्न भइरहने बाधाअवरोधका बारेमा स्थानीयका आनीबानीका कुरा गरिरहँदा अनायास उनले भने, 'केही गर्नै नहुने भा'छ। केही गर्यो कि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिवासस्थित कार्यालयबाट पत्र आइहाल्छ। ती पत्रको उत्तर दिन पनि जनशक्ति अभाव हुन्छ ।' खासमा विकासका कुनै पनि प्रक्रिया वा कार्य अगाडि बढाउँदा तत्काल कुनै न कुनै उजुरी निवेदन अख्तियार पठाउनेहरू सक्रिय भइदिन्छन् भन्ने भनाइ प्रमुख साहको थियो। त्यहाँ उपस्थित एक पत्रकारले ठट्यौली पारामा भने, 'अब अख्तियारलाई चिठीको उत्तर दिने एउटा शाखा वा महाशाखा नगरपालिका कार्यालयभित्र खोल्नुस् अनि विधिवत् उद्घाटन गर्नुस् ।' यो संवादको केही बेरपछि जनकपुरधामबाट खबर आयो, 'जनकपुरधाम उपमहानगरपालिका कार्यालयमा अख्तियारको छापा ।' अत्यन्त सनसनीपूर्ण शीर्षक राखेर केही स्थानीय सञ्चारमाध्यमले रोमाञ्चक र आकर्षक शैलीमा अख्तियार कर्मचारीले छापा हानेका कथा छाप्न भ्याए। ती समाचारले राम्रै अर्थात् धेरै संख्यामा पाठक पनि पाए। अनलाइन न्युजपोर्टलका हकमा भने एलेक्साजस्ता र्याङ्किङ्ग साइटमा अलिक उभो लाग्ने अवसर पनि जुरेको हुनसक्छ।

तर, मंगलबार अख्तियार बर्दिबासले अनुसन्धान तथा तहकीकात गरिरहेका भ्रष्टाचार कसुरका केही उजुरी वा जानकारीसँग सम्बद्ध कागजात तथा प्रमाणका लिखत लिन जनकपुरधाम उपमहानगरपालिकामा कर्मचारी पठाएको हो। भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २८ को १ (क) ले भ्रष्टाचारसम्बन्धी कसुरमा अनुसन्धान तहकीकात गर्दा सरकारी निकाय, सार्वजनिक संस्था, राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिका साथ रहेका सम्बद्ध कागजात, प्रमाणका लिखत वा अन्य कुनै कुरा आफूसमक्ष पठाउन वा निश्चित समयभित्र पेस गर्न लगाउने भनिएको छ।

यो ऐनको दफा २७ ले अनुसन्धान अधिकारीलाई प्राप्त उजुरी वा जानकारी तथ्यमा आधारित भएको भन्ने लागेमा तत्सम्बन्धी विवरण उल्लेख गरी आवश्यकताअनुसार सम्बन्धित निकाय वा व्यक्तिसँग प्रतिक्रिया वा स्पस्टीकरण माग गर्न सक्नेछ भनी लेखिएको छ । अख्तियारको बर्दिवासस्थित कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक कृष्ण खत्रीले बुधबार भने, 'जनकपुरधाम उपमहानगरपालिका कार्यालयमा मंगलबार अख्तियारले छापा मारेको होइन, हामीले पहिल्यै नै पठाउन भनेका कागजात ल्याउन पत्रसहित कर्मचारी त्यहाँ पुगेका हुन्।'

कुनै पनि कार्यालय वा संस्थाले निश्चित अवधिमा मागिएका उत्तरसहित कागजात नदिएमा माग्न भनेर ती ठाउँमा कर्मचारी पठाउने यो सामान्य र नियमित प्रक्रिया भएको सूचना अधिकारी खत्रीको भनाइ छ। 'अख्तियार कर्मचारीले कार्यालय प्रमुखको हस्ताक्षर भएको पत्रसहित कार्यालयमा पुग्छन् र पहिल्यै नै मागिएका सूचना तथा त्यसअनुसारका कागजात लिएर आउँछन्। यसरी मगाइएका ती दस्ताबेजका तथ्य र तथ्याङ अनुसन्धानमा प्रयोग गरिन्छ,' सूचना अधिकारी खत्रीले भने।

उनका अनुसार कुनै पनि ठाउँमा अख्तियार कर्मचारीको उपस्थितिलाई छापा मार्ने कामसँग जोडेर देखिनु रोमाञ्च मात्र हो। भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २८ को ४ मा प्रचलित कानुनबमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र त्यसरी तलासी लिँदा आवश्यक देखिएका कुनै वस्तु वा कागजात अनुसन्धान अधिकारीले आफ्नो कब्जामा लिन वा त्यस्तो कागजातको प्रतिलिपि लिन सक्नेछ तथा त्यसरी कब्जामा लिएका वस्तु वा कागजातको भरपाई सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ भनी उल्लेख छ । मंगलबार ऐनको यस प्रावधानअनुसार भने जनकपुरधाम उपमहानगरपालिका कार्यालयमा कारबाही नभएको अख्तियार बर्दिबासले जनाएको छ। यसै ऐनको दफा २८ को २ मा निश्चित समय तोकी कुनै लिखत वा अन्य कुनै वस्तु पेस गर्न वा कुनै कुराको जानकारी दिन सम्बन्धित निकाय, राष्ट्रसेवक वा अन्य व्यक्तिलाई लेखी पठाएमा त्यसो नभएमा सम्बन्धित निकायका मुख्य पदाधिकारीउपर विभागीय कारबाही चलाउन सिफारिस गर्ने तथा एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने अधिकार अनुसन्धान अधिकारीलाई दिएको छ।

कानुनअनुसार अनुसन्धान अधिकारीले मुख्य पदाधिकारी वा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन पक्राउ पूर्जी जारी गरी निजबाट त्यस्तो लिखत वा वस्तु पेस गराउन वा निजबाट आवश्यक जानकारी लिन सक्नेछ। त्यसरी पक्राउ भएका निकाय वा संस्थाका मुख्य पदाधिकारी, राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले त्यस्तो लिखत वा वस्तु पेस नगरेमा वा तत्सम्बन्धी जानकारी नदिएमा निजलाई अनुसन्धान अधिकारीले सात दिनसम्म थुनामा राख्न आदेश दिन सक्नेछ।

यसै ऐनको दफा २८ को ४ मा प्रचलित कानुनबमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र त्यसरी तलासी लिंदा आवश्यक देखिएको कुनै वस्तु वा कागजात अनुसन्धान अधिकारीले आफ्नो कब्जामा लिन वा त्यस्तो कागजातको प्रतिलिपि लिन सक्नेछ। यसरी कब्जामा लिएको वस्तु वा कागजातको भरपाई सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ भनी उल्लेख छ। टोलपडोस

# महासमिति बैठकः 'चुनावमा रुखमै मत हाल्ने वातावरण बनाउँछौँ'

रासस
ललितपुर ।
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले चुनावमा मतदातालाई रुखमै भोट हाल्ने वातावरण बनाउने बताएका छन् । ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा जारी नेपाली कांग्रेसको महासमिति बैठकको बन्दसत्रमा साङ्गठनिक प्रतिवेदन प्रस्तुत गर्दै महामन्त्री थापाले आफ्नै सङ्गठनलाई थप ऊर्जाशील बनाउँदै आम जनताको मत र विश्वास बढाएर कांग्रेसले एक्लै बहुमत ल्याउन सक्ने पार्टीका रुपमा पुनःस्थापित गरिनेमा जोड दिए ।

'कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा निर्वाचन पछाडि निश्चित साझा नीति तथा कार्यक्रम बनाएर सरकार सञ्चालनका लागि अन्य दलसँग तालमेल गर्ने कुरा स्वाभाविक हुनसक्छ, तर निर्वाचन पूर्वको गठबन्धन लोकतन्त्रमा नियमित राजनीतिक अवस्था नभएर एउटा बाध्यात्मक परिस्थितिको उपज थियो भन्ने कुरालाई मनन गर्दै कांग्रेस महासमिति बैठकबाट पार्टीका सदस्य, शुभेच्छुक तथा समर्थक र आम नागरिकलाई पूर्ण विश्वास दिलाउँदै भविष्यमा हुने आवधिक निर्वाचन आफ्नै ताकतमा एक्लै लड्ने छौँ र हाम्रो मतदातालाई कांग्रेसको चुनाव चिन्ह रुखमै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौँ' उनले भने ।

उनले एउटा विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाका लागि कांग्रेसले निर्वाचन अगाडि गठबन्धनको नेतृत्व गर्नुपरेको बताए । उनले गत निर्वाचनमा कांग्रेसले पाँच वर्षको लागि गठबन्धनसहित मत मागेकाले यो अवधिसम्म जनतासँगको वाचा र अन्य साझेदार दलसँगको सम्झौता बमोजिम राजनीतिक इमानदारी प्रदर्शन गर्नेमा सचेत रहेको जानकारी गराए । महामन्त्री थापाले संसद्भित्रको कांग्रेसको भूमिकालाई पनि त्यसै अनुरुप सुदृढ र प्रभावकारी बनाउने प्रतिबद्धता जनाउँदै पार्टीले भ्रष्टाचारमा, महिलामाथि हुने हिंसा, सामाजिक विभेद्, छुवाछुत लगायतमा शून्य सहनशीलताको नीति अङ्गीकार गर्नेमा जोड दिए । 'आदर्शका लागि जीवनपर्यन्त कठोर सङ्घर्ष गरेका, प्राण आहुति दिएका अथक योद्धाले जन्माएको पार्टी नेपाली कांग्रेसले कुनै पनि निर्णय गर्दा तीनै अग्रजको बलिदानलाई स्मरण गर्दै तत्काल कुनै अप्ठ्यारा र चुनौती आए पनि पार्टीले क्षति नै बेहोर्नुपरे पनि लोकतान्त्रिक मूल्यमान्यता, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र विधिको शासन लगायतका आधारभूत मान्यतामा कहिल्यै सम्झौता गर्ने छैनौँ' उनले भने ।

नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउने यस्ता क्षेत्रगत स–साना कार्यले देशलाई समृद्धतिर लान नै कांग्रेसको जनमुखी परिचय पनि स्वत ः स्थापित गर्छ भन्नेमा कांग्रेसलाई गहिरो विश्वास रहेको भन्दै सङ्घ र प्रदेशमा सरकार साझेदारी र स्थानीय तहको सरकारको नेतृत्व गरेको कांग्रेसले सेवा प्रवाहलाई चुस्त बनाउँदै शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यमम सुधार र सकारात्मक भविष्यको अनुभूति नागरिकलाई कसरी गराउने भन्नेमा पार्टीले गम्भीरतापूर्वक प्राथमिकता दिने जानकारी गराए । 'हाम्रा समर्थक शुभेच्छुकको अपेक्षालाई पार्टीको विचार, नेतृत्व र कार्यशैलीबाट सम्बोधन गर्दै आशा र ऊर्जामा परिणत गर्नुपर्ने चुनौती छ । मूलत ः पार्टीले लिने विचार र यसको नेतृत्वको छविका आधारमा नै यो पद्धतिले आफ्नो धारणा बनाउने हो । सङ्गठन संरचना र सदस्य सङ्ख्याले तिनलाई खासै प्रभाव पार्दैन । यस्तो बेला पार्टीको विचार र एजेन्डा स्पष्ट हुनुपर्छ र उनीहरूसँग पार्टी नेतृत्वले नै संवाद गर्न अघि सर्नुपर्छ । तिनलाई आफ्ना एजेन्डा बुझाउनुपर्छ, मुलुकको अवस्थाका कारण सृजित कतिपय सीमाका बारेमा बताउनुपर्छ' उनले भने ।

### १४ जिल्ला सभापतिको १६ बुँदे साझा धारणा

लालितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा जारी नेपाली कांग्रेसको महासमिति बैठकमा कोशी प्रदेशका १४ जिल्ला सभापतिहरुले १६ बुँदामा साझा धारणा राखेका छन् । सम्मेलन केन्द्रको मुख्य हलमा जारी छलफलमा उनीहरुले पार्टीको विधान संशोधन, मर्यादाक्रम, पार्टीको साङ्गठनिक परिचालनलगायतका विषयमा साझा धारणा प्रस्तुत गरेका हुन् । जिल्ला सभापतिहरुले नेपाली कांग्रेसको केन्द्रीय सदस्यहरुको हकमा स्वतः महाधिवेशन प्रतिनिधि महासमिति सदस्य हुने व्यवस्था परिवर्तन गरी क्षेत्रीय प्रतिनिधि मात्र कायम गर्नुपर्ने, पार्टीको आन्तरिक निर्वाचनमा जुनसुकै तहमा भाग लिँदा क्रियाशील सदस्यता लिइएको समय, सीमा निर्धारण गरेको विधानको धारा निलम्बन गरिएमा उक्त धारा कार्यान्वयन गर्नुपर्ने साथै अब उप्रान्त निलम्बन गर्न नपाइने व्यवस्था गर्नुपर्ने उल्लेख गरेका छन् ।

यस्तै, वडादेखि केन्द्र तहको निर्वाचनमा एक महिला उपसभापति एक महिला सचिव, एक महिला सहसचिव पदहरु थप गर्नुपर्ने र एक उपसभापति एक महामन्त्री÷सचिव एक सहमहामन्त्री÷सहसचिव र एक कोषाध्यक्ष सभापतिले मनोनित गरी सम्बन्धित कार्यसमितिबाट अनुमोदन गर्नुपर्ने उहाँहरुको माग छ । सबै तहको सभापतिलाई ५० प्रतिशत सदस्य मनोनित गर्ने अधिकार हुनुपर्ने उनीहरुले उल्लेख गरेका छन् । पार्टीबाट हुने राजनीतिक नियुक्ति वा लाभको पद समानुपातिक प्रतिनिधित्वको अवसर एक पद एक तह, एक पटक मात्र प्राप्त हुनुपर्ने साझा धारणामा समेटिएको छ । पार्टीका तर्फबाट सिफारिस भई राष्ट्रपति तथा उपराष्ट्रपतिको पदमा दुई पूर्ण कार्यकाल मात्र बहाल हुन पाउने । मुख्यमन्त्री तथा प्रधानमन्त्री दुई पूर्ण कार्यकाल हुन पाउने, सङ्घतर्फ उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीका साथै प्रदेशमन्त्री र राज्यमन्त्री समेत एक तहमा बढीमा तीन कार्यकाल हुन पाउने, सङ्घीय सांसद र प्रदेश सांसद एक तहमा बढीमा चार कार्यकाल हुन पाउने, कुनै पनि तहको सांसदको कार्यकालको बीचमा समानुपातिक भएमा सो समेत कार्यकालमा गणना हुने व्यवस्था गर्नुपर्ने उनीहरुको साझा धारणा छ ।

यसैगरी, दुईभन्दा बढी सङ्घीय सांसद क्षेत्र भएको जिल्लाको हकमा स्थानीय तहको गाउँ तथा नगर सदस्य, वडाध्यक्षको टिकट वितरण गर्न नगर, प्रदेशसभा क्षेत्र, प्रतिनिधीसभा क्षेत्र समितिको सिफारिसका आधारमा जिल्ला संसदीय समितिले वितरण गर्ने व्यवस्था गर्नुपर्ने, संसदीय समितिमा सम्बन्धित क्षेत्रको क्षेत्रीय सभापति सदस्यका रुपमासमेत रहने व्यवस्था गर्नुपर्ने उनीहरुले माग गरेका छन् । जिल्ला सभापतिले जिल्लास्तरमा सङ्कलित सहयोग शुल्क (लेवी) रकम जिल्ला कार्यसमितिको निर्णयअनुसार जिल्लाले नै खर्च गर्ने व्यवस्था हुनुपर्ने, कुनैपनि तहको पदाधिकारी÷सदस्य निरन्तर तीन पटकभन्दा बढी सम्बन्धित तहको सभापतिलाई लिखित÷मौखिक जानकारी नगराई अनुपस्थित रहेमा निजको पद स्वतः खारेज हुने प्रक्रियामा जाने व्यवस्था गर्न माग उनीहरुको छ ।

उनीहरुले पार्टीको स्वीकृति प्राप्त भ्रातृ तथा शुभेच्छुक संस्थाको हकमा जिल्ला सभापतिले निर्वाचित वा मनोनित भएपछि जिल्ला सभापतिमार्फत जिल्ला कार्यसमितिमा आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्नुपर्नेछ व्यवस्था गर्न माग गरेका छन् । नियमन, अनुगमन र आवश्यकताका आधारमा तोकिएको जिम्मेवारी हेरफेर गर्न सक्ने, तोकिएको समयमा निर्वाचन नभएमा पुनःगठन÷निर्वाचन गर्ने अधिकार नेपाली कांग्रेस जिल्ला कार्यसमितिलाई हुने व्यवस्था गर्नुपर्ने उनीहरुको माग छ । पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि स्थानीय तह, प्रदेश र सङ्घहरुले आफूसँग सम्बन्धित समिति र जिल्ला कार्यसमितिमा कम्तीमा दुई महिनामा एकपटक लिखित प्रतिवेदन बुझाउनुपर्ने, पार्टीविरुद्ध लागेका पार्टीका क्रियाशील सदस्यलाई प्रमाणसहित उजुर गरेको अवस्थामा जिल्ला अनुशासन समितिले निलम्बन गर्न सक्ने व्यवस्था गर्न माग गरेका छन् । प्रतिनिधिसभा, प्रदेशसभाका प्रत्यक्ष एवम् समानुपातिक उम्मेदवार छनोट गर्दा क्षेत्रीय प्रतिनिधिको भोटिङको आधारमा एक महिलासहित तीन जनालाई सिफारिस गर्नुपर्ने, प्रदेशसभा महाधिवेशन प्रतिनिधिले प्रदेशमा उम्मेदवार हुन पाउने तर महाधिवेशन÷महासमिति प्रतिनिधिले मतदानको अधिकार मात्र पाउने, प्रदेशसभा सभापति उठ्नका लागि महासमिति प्रतिनिधि हुनुपर्ने व्यवस्था गर्नुपर्ने बताइएको हो ।

प्रदेश सभापतिपछि जिल्ला सभापतिको मर्यादाक्रम हुनुपर्ने, केन्द्रीय सदस्य उठ्नका लागि महासमिति सदस्य हुनुपर्ने, क्रियाशील सदस्य जिल्लालाई वितरणको अधिकार दिनुपर्ने, गठबन्धनको सन्दर्भमा आवश्यक औचित्यका आधारमा सही समयमा मात्र उचित निर्णय लिनुपर्ने उल्लेख गरिएको छ । बैठकमा कांग्रेस मोरङका सभापति डिगबहादुर लिम्बू, खोटाङ सभापति विष्णुकुमार राई, उदयपुर सभापति हिमाल कार्की, झापा सभापति देउकुमार थेवे, संखुवासभा सभापति दीपक खड्का, सुनसरी सभापति केदार भण्डारी, ओखलढुङ्गा सभापति तेजेन्द्र खनाल, सोलुखुम्बु सभापति नामगेल जाम्बु शेर्पा, तेह्रथुम सभापति अर्जुन तुम्बाहाम्फे, इलाम सभापति डम्बर खड्का, धनकुटा सभापति दिनेश राई, भोजपुर सभापति विनोद राई वान्तवा र ताप्लेजुङ सभापति गजेन्द्र तुम्बाहाङको तर्फबाट संयुक्त धारणा राखिएको हो ।

# समितिमा आबद्ध नहुन रास्वपाको निर्देशन




रासस
काठमाडौँ ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जनस्तरका सामुदायिक सङ्घसंस्था र विकास निर्माणसँग सम्बन्धित समितिमा आबद्ध नहुन मातहतका कमिटी र कार्यकर्तालाई निर्देशन दिएको छ । रास्वपाले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा यस्ता समितिको नेतृत्व छनोटमा हुने दलीय स्वार्थ प्रेरित प्रतिस्पर्धाको सदैव विपक्षमा रहेको जनाएको छ । विज्ञप्तिमा पार्टीका महामन्त्री एवं प्रवक्ता डा मुकुल ढकालले पार्टीको नीतिविपरीत त्यस प्रकारको क्रियाकलाप गरेको वा गराएको पाइए कारबाही गर्ने उल्लेख छ । उनले व्यक्तिगत उम्मेदवारीका क्रममा पार्टीको संस्थागत प्रतिनिधित्वका रुपमा प्रचारप्रसार नगर्न, रास्वपाका समर्थक सामूहिकरूपमा प्यानल बनाउन, सगोलमा भोट नमाग्न तथा अन्य दलसँग राजनीतिक अभिप्रायले समूह बनाएर विरोध, समर्थन, वक्तव्य नगर्न र नगराउनसमेत आग्रह गरेका छन् । 'विद्यालय, खानेपानी, सिँचाइ, वनजस्ता सामुदायिक संस्थाको उपभोक्ता÷व्यवस्थापन समिति होस् या विकास निर्माणसँग सम्बन्धित स्थानीयस्तरका समिति नै किन नहुन्, तिनमा राजनीतिक भागबण्डा वा दलीय प्रतिस्पर्धाका आधारमा नेतृत्व छनोट गरिनु सर्वथा गलत प्रवृत्ति हो', विज्ञप्तिमा उल्लेख छ, 'जनहितका लागि गर्नुपर्ने काममा पनि भागबण्डा खोजेर जनतालाई सधैँ राजनीतिक पार्टीको अधिनमा राख्ने प्रवृत्तिको हामी विरोध गर्दछौँ ।' पार्टीले राजनीतिक दललाई आफ्नो राजनीतिक सीमामा बाँध्नुपर्छ भन्ने सन्दर्भमा कुनै सम्झौता नगर्नेसमेत विज्ञप्तिमा उल्लेख छ ।

# 'समृद्धिका लागि प्रमुख दलहरूबीच सहकार्य हुनुपर्छ'



*'जनताका आशालाई सम्बोधन गर्न एक–दुई योजनाका फाइल बोकेर मन्त्रालय धाउनुपर्ने हाम्रो पनि बाध्यता छ । सांसद भएपछि आफ्नो क्षेत्रमा योजना पार्नुपर्छ भन्ने जनताको मनोविज्ञान छ, त्यसअनुरुप अघि बढ्ने क्रममा कानुन बनाउने व्यक्तिले फाइल बोक्र हुन्न भन्ने होइन । चुनावमा बाटो, कुलो, खानेपानी र विद्यालय भवन बनाउँछु भनेपछि बोलेका कुरा गर्दिनुस् है भन्ने जनताको भनाइ जायज छ ।'*

***कल्पना मियाँ, प्रतिनिधिसभा सदस्य***

रासस
काठमाडौँ ।
संसद्को कानुन निर्माण प्रक्रियामा प्रमुख राजनीतिक दलका शीर्ष नेतृत्वले सहमति र सहकार्य गर्दै आएका छन् । दलहरुबीच अझै कतिपय विषयमा सहमति हुन नसकेको र त्यसको प्रभाव सदनमा देखिएको छ । कानुन निर्माण प्रभावकारी ढङ्गबाट हुन सकेको छैन । सङ्घीय संसद्ले बितेका १५ महिनामा कानुन निर्माणमा जति सक्रिय भूमिका निर्वाह गर्नुपर्ने थियो, त्यसो नगरेको आलोचना खप्नुपरेको छ । कतिपय प्राविधिक विषय, परिस्थिति र अडानबाट विधेयकहरू संसद्मा पेस हुन सकेका छैनन् । कानुन निर्माणमा केन्द्रित हुनुपर्ने संसद् र सांसदमा किन अलमल भइरहेको छ भन्ने प्रश्न जनस्तरमा उठिरहेको छ । आगामी दिनमा जति पनि नयाँ कानुन निर्माण र संशोधनका काम छन्, तिनलाई द्रुतगतिमा पूरा गर्नुपर्ने बताउँछिन् नेकपा माओवादी केन्द्रकी सांसद कल्पना मियाँकुसारी ।

मुलुकमा लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनका सहयात्री नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी(एमाले)बीच समझदारी भएर देशबाट निरङ्कुशताको अन्त्य, गणतन्त्र स्थापनालगायत उपलब्धि हासिल भएका हुन् । राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनका उपलब्धिका रुपमा रहेको नेपालको संविधान र सङ्घीयताको पूर्ण कार्यान्वयनका लागि यिनै प्रमुख राजनीतिक शक्तिबीच फेरि पनि साझा दृष्टिकोण, चिन्तन र अठोट आवश्यक रहेको आवाज उठिरहेको छ । सत्तापक्ष र प्रतिपक्षको उग्रविरोधी भाव छाडेर हामी जनताका प्रतिनिधि हौँ भन्ने भावनाले काम गर्नुपर्छ । तर त्यसलाई अहिले हामीले बिर्सिएका छौँ । जनता मेरा मात्र हुन् उनीहरुले हामीलाई मात्र भोट हाल्नुपर्छ भन्नेजस्तो मनोविज्ञान दलका नेताहरूमा अझै रहेको उनको ठम्याइ छ ।

'दलका नेताहरुले हामी जनताका प्रतिनिधि हौँ, देशहितका लागि आएका ऐन, नियममा साझा धारणा आवश्यक छ भन्ने मान्यता अस्वीकार गर्नुहुँदैन । सदनमा त्यो अभ्यासको कमी महसुस भएको छ । सत्तापक्षले जतिसुकै असल काम गरे पनि प्रतिपक्षले अस्वीकार गर्ने परम्परालाई संसदीय धर्मजस्तै बुझिएको छ । देश विकासका लागि प्रमुख दलहरु मिलेर जाँदा नै अपेक्षित परिणाम प्राप्त हुन्थ्यो । त्यो कार्य जनताका लागि धर्मजस्तै हुन्थ्यो । विधेयक, नियम र कानुन समयमै बन्थे । कहिलेकाहीँ सदन र संसदीय समितिका बैठक 'कोरम' नपुगेर स्थगन हुनाको कारण पनि शीर्षनेतासँगै ठोक्किएको सुनिन्छ' भन्छिन्, सांसद मियाँकुसारी ।

राससससँगको संवादमा उनले भनिन्, 'जिल्ला हुन् वा निर्वाचन क्षेत्रका आयोजना देखाएर जनप्रतिनिधिसँग जनताले 'त्यहाँ त बजेट हाल्नपर्यो नि' भन्ने भाषामा आशा व्यक्त गरेका हुन्छन् । मतदाताले केन्द्रीय सांसदसँग त्यो माग गर्नु स्वाभाविक नै हो । किनभने हिजो निर्वाचनमा भोट माग्न जाँदा उम्मेदवारले तिनै आयोजना अघि बढाउने प्रतिबद्धता जनाएका हुन्छन् । जनताका आशालाई सम्बोधन गर्न एक–दुई योजनाका फाइल बोकेर मन्त्रालय धाउनुपर्ने हाम्रो पनि बाध्यता छ । सांसद भएपछि आफ्नो क्षेत्रमा योजना पार्नुपर्छ भन्ने जनताको मनोविज्ञान छ, त्यसअनुरुप अघि बढ्ने क्रममा कानुन बनाउने व्यक्तिले फाइल बोक्र हुन्न भन्ने होइन । चुनावमा बाटो, कुलो, खानेपानी र विद्यालय भवन बनाउँछु भनेपछि बोलेका कुरा गर्दिनुस् है भन्ने जनताको भनाइ जायज छ ।'

भ्रष्टाचार जसले गर्दिनँ भन्छ त्यसैले बढी भ्रष्टाचार गर्दोरहेछ भनेजस्तो देखिन्छ । मुलुकमा गणतन्त्र स्थापनापछि पनि जति सरकार बने त्यसको तुलनामा माओवादी नेतृत्वमा भ्रष्टाचार नियन्त्रमा के–कति काम भए भन्ने पक्षलाई सबैले हेर्नुपर्छ । ललिता निवास, नक्कली भुटानी शरणार्थी, सुन तस्करी प्रकरण र बाँसबारी छालाजुत्ताको जग्गा अपचलनमा संलग्न सबैलाई नियन्त्रणमा लिएर अनुसन्धानको दायरामा ल्याउने काम वर्तमान सरकारले गरेको छ । त्यसमा संलग्न कुनै दल, नेता, उद्योगी, व्यापारी नभनी सबैलाई हिम्मतकासाथ अनुसन्धानको दायरामा ल्याउने यो सरकारको सराहनीय कामको सबै क्षेत्रबाट प्रशंसा हुनुपर्छ । उनीहरुलाई अनुसन्धान, कानुन र प्रमाणका आधारमा सजाय हुनुपर्छ । कर्मचारीतन्त्र, व्यापारी र राजनीतिक बिचौलियाको आडमा भ्रष्टाचारलाई मलजल गरिएकाले त्यसविरुद्ध जाँदा कतिपय अवस्थामा एक्लो हुनुपर्ने अवस्था हुनसक्छ ।

आफ्नो निर्वाचन क्षेत्र र त्यहाँका जनताका अपेक्षाबारे खुलेर कुरा गर्दै उनले भनिन्, 'दुर्गम पहाडी जिल्ला भए पनि सडक विस्तार र पूर्वाधार विकासका हिसाबले रुकुमपश्चिम विगतका तुलनामा उन्नत छ । अझै पनि त्यहाँको आवश्यकताको प्राथमिक सूचीमा सडक विस्तार र कालोपत्र गर्नै नै छ । संसारभर नेपाली जाति विश्वासिलो भनी कमाएको प्रतिष्ठा अहिले स्वदेशमै कमजोर हुन पुग्यो । हामी आफैँले आफैँलाई कति विश्वास गरेका छौँ भन्ने अहिले ठूलो प्रश्न छ । राष्ट्रियताका मुद्दामा पुराना र ठूला दलले जे–जे बिगारे, कमजोरी गरे त्यसलाई क्रमशः सुधार्ने प्रयास अहिले भइरहेको छ । तत्कालको सुविधा हेरेर विदेश जान हामी लालायित छौँ । रुसी सैनिकमा भर्नालगायत कतिपय अवस्थामा 'लोभले लाभ, लाभले विलाप' भनेजस्तो भएको छ । अर्काको देशमा गएर मर्न तयार हुने आफ्नो देशमा कुनै काम गर्न नचाहने सोच अन्त्य हुनुपर्छ । अप्ठेरो पर्दा देश सम्झने, सुविधा पाउँदा उतै रमाउने, नागरिकता त्याग्न पछिनपर्ने प्रवृत्ति ठीक होइन ।'

एकातर्फ युरोप र अमेरिका जानेले नेपालमा रहेको आफ्नो सबै सम्पत्ति बेचबिखन गरी लगेका छन् भने अर्कोतर्फ खाडीमा जाने युवाको 'रेमिट्यान्स'का आधारमा देश चलेको छ । आर्थिक रुपमा सम्पन्न, शिक्षित, डाक्टर, इञ्जिनियर, उद्योगी आफ्नो जायजेथा बेचेर पलायन हुने प्रवृत्ति बेठिक हो । सरकारको देश विकास र रोजगारी दिलाउने मामिलामा पुर्याउनुपर्ने दूरदृष्टि तथा भूमिका स्पष्ट र प्रभावकारी नहुँदा पनि विदेश युवा पलायनलाई सहयोग पुर्याएको छ । युवाको विदेश पलायनबाट राष्ट्रलाई पुग्ने क्षतिबारे जाने व्यक्ति स्वयं र सत्ता चलाउने राजनीतिक पार्टीले सोच्नुपर्ने विषय हो । अब केही गर्नुपर्छ भन्ने सोच भएका हामी केही युवा विभिन्न तहका जिम्मेवारीमा र संसद्मा पुगेका छौँ । नेपाललाई समृद्ध तुल्याउन कृषिक्षेत्रमा आमूल परिवर्तन हुनेगरी कार्ययोजना बनाएर लागु गर्नुपर्छ । आफैं पनि कृषिमा संलग्न भएर पशुपालन र जैविक खेती गर्ने सोच बनाएकी छु । यस क्षेत्रलाई प्रोत्साहन गर्न किसानका उत्पादन सरकारले खरिद गरिदिनुपर्छ । संसारमा भएका नेपालीले त्यसमै लगानी गर भन्नुपर्छ । कुनै काम होस् वा कतै केही समस्या झेल्नुपरेमा जनताले जनप्रतिनिधिसँग सम्पर्क गर्ने र उनीहरूलाई योग्यता र क्षमताअनुरुप रोजगारी हामीले दिनुपर्छ । अहिले हामी 'टिम' बनाएर त्यो दबाव अभियानमा जुटेका छौँ । देश हामीले बनाउनुपर्छ, बनाउन सकिन्छ, बन्छ, ढुक्क हुनुहोस् मिलेर काम गरौँ ।

सांसद कल्पना मियाँकुसारी कर्णाली प्रदेश रुकुमपश्चिम सानीभेरी–६ कोटगाँउका स्थायी बासिन्दा हुन् । नेकपा (माओवादी केन्द्र) निकट अखिल क्रान्तिकारीबाट राजनीतिमा प्रवेश गरेकी नेत्री कोसारीसँग सङ्गठनको सचिव र उपाध्यक्ष भएर काम गरेको अनुभव छ । नेकपा (माओवादी केन्द्र)को भ्रातृ सङ्गठन वाइसिएलमा समेत रही केही वर्ष काम गरेकी सांसद मियाँकुसारी प्रतिनिधिसभा महिला तथा समाजिक समिति सदस्य पनि हुन् ।

# सात महिनामा आठ खर्ब व्यापार घाटा




**रासस**
**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८०÷८१ को सुरुआती सात महिना अवधिमा मुलुकले कुल नौ खर्ब ८४ अर्ब ७७ करोड रुपैयाँको वैदेशिक व्यापार गर्दा आठ खर्ब ११ अर्ब ११ करोड रुपैयाँ बराबरको घाटा व्यहोरेको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिना अवधिको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार माघ मसान्तसम्ममा आठ खर्ब ९७ अर्ब ९४ करोड ३९ लाख रुपैयाँ बराबरको आयात भएको छ भने ८६ अर्ब ८३ करोड नौ लाख १२ हजार रुपैयाँ बराबरको मात्रै निर्यात भएको छ । गत आवको सुरुआती सात महिना अवधिको तुलनामा चालु आवको सोही अवधिमा आयात दुई दशमलव ३१ र निर्यात सात दशमलव ०७ प्रतिशतले घटेको छ । गत वर्षको तुलनामा समग्र व्यापार दुई दशमलव ७५ प्रतिशतले घट्दा व्यापार घाटा पनि एक दशमलव ७७ प्रतिशतले घटेको भन्सार विभागले जनाएको छ ।

नेपालले सबैभन्दा ठूलो वैदेशिक व्यापार गर्ने मुलुक भारत हो । भारतसँग पाँच खर्ब ५४ अर्ब ७५ करोड ८८ लाख रुपैयाँको आयात गर्दा ५८ अर्ब ७२ करोड २७ लाख रुपैयाँको मात्रै निर्यात भएको छ । अर्थात् चालु आवको सात महिना अवधिमा भारतसँग मात्र नेपालले चार खर्ब ९६ अर्ब तीन करोड ६० लाख रुपैयाँ व्यापारघाटा व्यहोरेको छ । त्यस्तै, दोस्रो ठूलो वैदेशिक व्यापार रहेको मुलुक चीनसँग नेपालले एक खर्ब ७१ अर्ब २३ करोड ६३ लाख रुपैयाँ बराबर व्यापार घाटा व्यहोरेको छ । माघ मसान्तसम्ममा चीनबाट एक खर्ब ७३ अर्ब नौ करोड ११ लाख रुपैयाँ बराबरको मालवस्तु आयात हुँदा एक अर्ब ८५ करोड ४८ लाख रुपैयाँ बराबरको निर्यात भएको छ ।

नेपालले उच्च व्यापार घाटा व्यहोर्ने मुलुकको सूचीमा तेस्रो नम्बरमा संयुक्त अरब इमिरेट्स रहेको छ । चालु आवको सात महिना अवधिमा संयुक्त अरब इमिरेट्ससँग १५ अर्ब ६९ करोड ५४ लाख रुपैयाँको आयात र एक अर्ब ५८ करोड ३३ लाख रुपैयाँ बराबरको निर्यात भएको छ । यो मुलुकसँगको व्यापार घाटा १४ अर्ब ११ करोड २० लाख रुपैयाँ छ । नेपालले वैदेशिक व्यापार गर्ने मुलुकहरुमध्ये सबैभन्दा बढी व्यापार नाफा संयुक्त राज्य अमेरिकासँग रहेको छ । सात महिना अवधिमा अमेरिकाबाट नौ अर्ब १७ करोड ५८ लाख रुपैयाँ बराबरको वस्तु आयात हुँदा नेपालबाट नौ अर्ब ५४ करोड छ लाख रुपैयाँ बराबरको निर्यात भएको छ । अर्थात् समीक्षा अवधिमा अमेरिकासँगको नेपालको व्यापार नाफा ३६ करोड ४७ लाख रुपैयाँ बराबर छ । डेनमार्क, नर्वे, अफगानस्तान, माल्दिभ्सलगायत मुलुकसँग पनि नेपालको व्यापार नाफामा छ ।

चालु आवको सुरुआती सात महिना अवधिमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ । यो अवधिमा ७७ अर्ब ४१ करोड ९८ लाख रुपैयाँ बराबरको डिजेल, ३८ अर्ब ८२ करोड ६३ लाख रुपैयाँ बराबरको पेट्रोल र ३० अर्ब ३१ करोड २४ लाख रुपैयाँ बराबरको एलपी ग्याँस आयात भएको छ । त्यस्तै, फलामजन्य सामग्री २२ अर्ब ६६ करोड रुपैयाँ, १७ अर्ब ३८ करोड ३६ लाख रुपैयाँ बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागले जनाएको छ ।

# लघुवित्त र सहकारीका समस्या चाँडै समाधान हुन्छन्ः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले लघुवित्त तथा सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकारले आवश्यक पहल गरिरहेको बताएका छन् । लघुवित्त र सहकारी पीडितका प्रतिनिधिलाई सिंहदबारमा बोलाएर छलफल गर्दै उनले चाँडै लघुवित्त र सहकारी समस्या समाधान गरिने विश्वास दिलाए । प्रधानमन्त्री दाहालले भने, ‘विगतमा ग्रामीण र विपन्न वर्गका नागरिकको सेवा प्रवाहमा यो क्षेत्रले राम्रो काम गर्दै आएको हो तर पछिल्लो समय यो ठूलो समस्यामा फस्दै गएको छ । यसमा कतिपय परिस्थितिजन्य अप्ठ्यारा र कतिपय सञ्चालकको बेइमानी जिम्मेवार रहेको छ, सोही बमोजिम समस्या समाधानमा पुगिनेछ ।’

उनले लघुवित्त र सहकारी क्षेत्रले विगतमा ग्रामीण तथा विपन्न वर्गका नागरिकका लागि कर्जा प्रवाह र व्यवसाय सञ्चालनमा सहयोग गरेको भए पनि पछिल्लो समय यो क्षेत्र सङ्कटग्रस्त हुँदै गएको उल्लेख गर्दै सरकारले समस्या समाधानका लागि आवश्यक पहल गरिरहेको बताए । प्रधानमन्त्रीले जिम्मेवारीपूर्वक समस्या समाधानका पहल गर्नु सबैको साझा जिम्मेवारी भएको बताए ।छलफलमा पीडित पक्षका प्रतिनिधिले सहकारी र लघुवित्तका समस्या सम्बोधनका लागि सरकारका तर्फबाट भइरहेको पहलका निम्ति धन्यवाद दिँदै छिटो समस्या समाधानका निम्ति प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

# विश्वकप लिग–२ः नामिबियासँग नेपाल पराजित



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत नामिबिया र नेदरल्यान्ड्स सम्मिलित त्रिकोणात्मक शृंखलाको आफ्नो तेस्रो खेलमा नेपाल नामिबियासँग दुई विकेटले पराजित भएको छ । नेपालले जितको लागि दिएको एक सय ६९ रनको मध्यम लक्ष्य नामिबियाले ४० ओभरमा आठ विकेट गुमाउँदै लक्ष्य पूरा ग¥यो । नामिबियाको जितमा जेराल्ड एरास्मसले सर्वाधिक ५२ रनको योगदान दिए । उनले ५७ बल खेल्दै आठ चौका र दुई छक्काको सहायताले सर्वाधिक ५२ रनको योगदान गरेका हुन् । त्यसैगरी जेजे स्मिथले अविजित ३४ रन बनाउँदा माइकल भान लिंगेनले ३१ रन बनाए । त्यस्तै रुबेन ट्रम्पलम्यानले १६ रन बनाए भने बर्नार्ड स्कोलज र निको डाभिनले समान आठ आठ रन जोडे ।

बलिङतर्फ नेपालका कुशल भुर्तेलले तीन विकेट लिए भने कप्तान रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, ललित राजबंशी र कुशल मल्लले समान एक एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ३७ दशमलव १ ओभरमै सबै विकेट गुमाएर एक सय ६८ रनको योगफल बनाएको थियो । नेपालका लागि आशिफ शेखले सर्वाधिक ५८ रनको योगदान दिए । उनले ६४ बलमा आठ चौका र एक छक्काको मद्दतमा ५८ रनको योगदान दिएका हुन् । त्यस्तै कुशल मल्ल ३८, भीम सार्की २६, कुशल भुर्तेल १८ तथा करण केसीले १२ रन बनाए । त्यस्तै नेपालका कप्तान रोहित पौडेल, अनिल साह र देव खनाल रनको खाता नै नखोली आउट भए । बलिङतर्फ नामिबियाका बर्नार्ड स्कोल्ज र निकोल लोफ्टि–इटनले समान चार चार विकेट लिए भने ज्याक ब्रेसल र जेराल्ड एरास्मसले समान एक÷एक विकेट लिए । नेपालको नामिबियासँगको यो दोस्रो हार हो । यसअघि भएको पहिलो खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भएको थियो । त्यसपछि नेपालले दोस्रो खेलमा नेदरल्यान्ड्समाथि ९ विकेटको जित हात पारेको थियो । यस जितसँगै नामिबियाले चार अङ्क जोडेको छ भने नेपालको दुई अङ्क छ ।

# आर्थिक परिसूचकमा क्रमशः सुधार भएको छः अर्थमन्त्री

**रासस**
**ललितपुर ।**
नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले मुलुकको आर्थिक परिसूचकमा क्रमशः सुधार हुँदै गएको बताएका छन् । यद्यपि उनले अर्थतन्त्र चापमा नै रहेको स्वीकार गरे । ललितपुरमा जारी महासमिति बैठकमा देशको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी कार्यदिशासम्बन्धी प्रतिवेदन मङ्गलबार प्रस्तुत गर्दै अर्थमन्त्रालयको कार्यभार सम्हालेका डा महतले लोकतान्त्रिक समाजवादको आदर्शलाई कांग्रेसले आत्मसात् गर्ने प्रतिबद्धता दोहो¥याए । अर्थमन्त्रीले आर्थिक वृद्धि र न्यायोचित वितरण, उपत्पादन वृद्धि र रोजगारी सृजना तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने नीतिको पक्षमा कांग्रेस अडिग रहेको बताए । उनले देशको अर्थतन्त्रलाई गतिशिल बनाउन भरमग्दुर प्रयास भइरहेको बताए ।

आर्थिक वर्ष ८०÷८१ को बजेटमार्फत घोषणा गरेको आर्थिक सुधार र बजेट प्राणाली सुधारका अधिंकाश विषय कार्यान्वयन क्रममा रहेका जानकारी दिँदै उनले भने, ‘परम्परागत शैलीमा आउने नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रियामा सुधार गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गरी संसद्मा बजेटका सिद्धान्त र प्राथामिकताबारे छलफल गर्ने व्यवस्था मिलाइएको छ ।’ उनले अन्तर्राष्ट्रिय विकास सहायतासम्बन्धी नयाँ नीति तर्जुमा थालिएको उल्लेख गर्दै भने, ‘जुनसुकै परियोजनामा अनावश्यक ऋण सहायता लिने प्रवृत्तिको सट्टा आवश्यकता र औचित्यका आधारमा ऋण परिचालन गर्न सुरू गरिएको छ ।’

# वार्ता असफल भारतीय किसानद्वारा पुनः आन्दोलन



**एएफपी**
**पटियाला ।**
बालीको उच्च मागमा सरकारसँग सम्झौता गर्न असफल भएपछि ट्र्याक्टरमा सवार हजारौँ किसान बुधबार नयाँदिल्लीतर्फ जानका लागि फेरि तयार भएका छन् । विरोध प्रदर्शनले राजधानीमा राजमार्गहरूको वर्षभरिको घेराबन्दीलाई सफलतापूर्वक दोहोर्याउने आशा गरिएको छ । उक्त विरोध प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारमाथि सन् २०२१ मा आफ्नो कृषि सुधार योजनाहरूलाई त्याग्न दबाब दिएको थियो ।

प्रहरीले गत सातादेखि नै शम्भूको सानो गाउँनजिकै उनीहरूको गन्तव्यको उत्तरमा धेरै घण्टाको दूरीमा कृषि मेसिनरीमा किसानहरूको एक माइल लामो स्तम्भलाई रोकेर राखेको छ । प्रदर्शनकारीहरूले अश्रु ग्यासको ब्यारेजहरू प्रयोग गरेर उनीहरूलाई तितरबितर गर्ने प्रयासलाई विफल बनाएका छन् र उनीहरूको प्रगति रोक्नका लागि धातु स्पाइकहरू र कङ्क्रिट बेरिकेड्सको डरलाग्दो नाकाबन्दी पार गर्ने वाचा गरेका छन् । ‘हामी अवरोधहरू तोड्नेछौँ भन्ने तपाईंलाई आश्वासन दिन्छौँ’, ४५ वर्षीय किसान जगमोहन सिंहले एएफपीलाई भने, ‘एकपटक हामीले यो अवरोधलाई तोडेपछि दिल्लीमा मात्र रोकिनेछौँ ।’ किसान युनियनहरूले चामल, गहुँलगायत प्रमुख खाद्यान्नका लागि पहिलेदेखि नै रहेको सरकारी योजनालाई विस्तार गर्दै सबै बालीमाथि न्यूनतम मूल्य निर्धारण गर्नका लागि कानून बनाउन माग गरिरहेका छन् । उनीहरूले ६० वर्ष वा त्योभन्दा बढी उमेरका किसानका लागि ऋण मिनाहा र विश्वव्यापी पेन्सनसहित अन्य छुटको पनि माग गरेका छन् । सरकारका मन्त्रीहरू र युनियनहरूबीच वार्ताको परिणामको प्रतीक्षा गर्नका लागि प्रदर्शनकारीहरूले गत साता दिल्लीमा आफ्नो जुलुसलाई अस्थायीरूपमा रोकेका थिए । यद्यपि धेरै चरणको वार्ता कुनै नतिजामा पुग्न असफल भएको छ । फार्म लियर जगजीत सिंह दल्लेवालले सोमबार राति प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) लाई केही तर सबै बालीका लागि मूल्यको ग्यारेन्टी विस्तार गर्ने पछिल्लो सरकारी प्रस्ताव ‘किसानको हितमा नभएको’ बताए । भारतको एक अर्ब ४० करोड जनसंख्यामा दुई तिहाई मानिस कृषिबाट आफ्नो जीविका चलाउँछन् । यो मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब पाँच भागको एक भाग हो । यद्यपि पछिल्ला केही दशकदेखि कृषि आम्दानी धेरै हदसम्म स्थिर बनेको छ र यो क्षेत्रलाई लगानी र आधुनिकीकरणको नितान्त आवश्यकता छ ।गरिबी, ऋण र जलवायु परिवर्तनले लगातार खराब मौसमी अवस्थाबाट प्रभावित बालीका कारण प्रत्येक वर्ष हजारौँ भारतीय किसानले आत्महत्या गर्छन् । आफ्नो विशाल संख्याका कारण किसानहरूको राजनीतिक प्रभाव छ र अप्रिलमा सुरु हुने राष्ट्रिय निर्वाचनअघि नयाँ सिराबाट विरोध प्रदर्शन हुँदैछ । सन् २०२० नोभेम्बरमा कृषि सुधार कानूनविरुद्धको अभियानमा हजारौँ किसानले एक वर्षभन्दा लामो समयसम्म दिल्लको सडकलाई घेरेका थिए । किसानको विरोधका कारण मोदी सरकार पछि हट्नुपर्यो र उसले एक वर्षपछि कानूनलाई निलम्बन गर्नुपर्यो ।

# अन्तरिक्षमा आणविक हतियार राख्ने मनसाय छैनः पुटिन



**एपी**
**मस्को ।**
रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले अन्तरिक्षमा आणविक हतियार राख्ने मस्कोको कुनै मनसाय नरहेको मङ्गलबार घोषणा गरेका छन् । उनले अमेरिका समान रुसले अन्तरिक्ष क्षमता विकसित गरेको दाबी गरे । रुसले ‘चिन्तित तुल्याउने’ उपग्रह–विरोधी हतियार क्षमता हासिल गरेको ह्वाइट हाउसको गत साताको पुष्टिपछि पुटिनको उक्त भनाइ आएको हो । यद्यपि अहिलेसम्म यस्तो प्रकारको कुनै पनि हतियार सञ्चालनमा छैन । ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले यो अन्तर्राष्ट्रिय बाह्य अन्तरिक्ष सन्धिको उल्लङ्घन हुने बताए । यद्यपि उनले हतियार आणविक–सक्षम हो कि होइन भन्नेबारे टिप्पणी गर्न अस्वीकार गरे ।

रुससहित एक सय ३० भन्दा बढी देशले हस्ताक्षर गरेको सन्धिले अन्तरिक्ष कक्षमा ‘आणविक हतियार वा कुनै पनि अन्य प्रकारका सामूहिक विनाशका हतियार’ तैनाथ गर्न वा ‘कुनै अन्य तरिकाले बाहिरी अन्तरिक्षमा हतियार राख्न’ निषेध गर्दछ । ह्वाइट हाउसले चिन्ताहरूबारे रुसीहरूसँग सिधै कुराकानी गर्ने बताएको छ । ‘हाम्रो स्थिति बिल्कुल स्पष्ट र पारदर्शी छः हामी सधैँ अन्तरिक्षमा आणविक हतियारको तैनाथीको स्पष्टरूपमा विरोध गर्दै आएका छौँ र गरिरहने छौँ’, पुटिनले भने, ‘यसको ठिक विपरीत, हामी सबैसँग यस क्षेत्रमा अवस्थित सबै सम्झौतालाई पालना गर्न आग्रह गरिरहेका छौँ ।’ आफ्ना रक्षमन्त्री सर्गेई शोइगुसँगको एक बैठकका क्रममा पुटिनले भने, ‘रुसले त्यही मात्र अन्तरिक्ष क्षमता विकसित गरेको छ जुन अमेरिकासहित अन्य मुलुकसँग छ, र उनीहरूलाई यो थाहा छ ।’ शोइगुले भने, ‘हामीले उपग्रहहरूविरुद्ध प्रयोग गर्न वा यस्तो क्षेत्र बनाउनका लागि उपग्रहले कुशलतापूर्वक काम गर्न नसक्ने गरी अन्तरिक्षमा कुनै आणविक हतियार वा त्यसको कुनै पनि तत्वलाई तैनाथ गरेका छैनौँ ।’ रक्षामन्त्री शोइगुले ह्वाइट हाउसमाथि युक्रेनलाई सहायताका लागि समर्थन गर्न कांग्रेसलाई बाध्य बनाउन र रुसले युक्रेनलाई लिएर अमेरिकासँगको तनावका बीचमा स्थगित गरेको आणविक हतियार नियन्त्रण वार्तामा पुनः सामेल हुन मस्कोलाई प्रोत्साहित गर्नका लागि गरेको हुनुपर्ने आरोप लगाए । राष्ट्रपति पुटिनले अमेरिकासँग सम्भावित सम्पर्कहरूलाई अस्वीकार गरेनन् तर युक्रेनमा रुसको पराजयका लागि वासिङ्टनको दबाबले आफूहरूलाई असम्भव बनाएको आफ्नो धारणालाई पुष्टि गरे । ‘अमेरिका र पश्चिमले एउटा कुराका लागि रुसको रणनीतिक पराजयको आह्वान गरिरहेका छन् भने दोस्रोतर्फ चिजहरू जोडिएका छैनन भन्ने बहाना गर्दै उनीहरू रणनीतिक स्थिरतामा कुराकानी गर्न चाहन्छन्’ उनले भने, ‘यसले काम गर्दैन ।’

# पुनःनिर्माणकै आशामा बित्यो आठ वर्ष




**रासस**
**ललितपुर ।**
ललितपुर महानगरपालिका कार्यालय छेउमै २०११ सालमा स्थापना भएको मदन स्मारक माध्यामिक विद्यालय छ । जगदम्बा कुमारीदेवीले आफ्ना श्रीमान् मदन शमशेरको सम्झनामा स्थापना गरेको विद्यालयको नाममा २७ रोपनी जमिन भए पनि अहिलेसम्म सोचेजस्तो स्तरोन्नति गर्न सकिएको छैन । विद्यालय स्थापना हुँदा निर्माण भएको २४ काठे राणकालीन भवन हाल जीर्ण छ । विसं २०७२ को भूकम्पले विद्यालयको तीन वटा भवनमा क्षति पु¥याएपछि जोखिमको मूल्याङ्कन गरेर रातो स्टिकर टाँसिएको थियो । दुईवटा भवन हाल प्रयोगमा छैनन् । अर्को चर्किएको भवनमा भने रातो स्टिकर टाँसेपनि पठनपाठन हुने गरेको छ । भूकम्पले क्षति पु¥याएको भवनमा रातो स्टिकर टाँसिएपछि पुनःनिर्माणको आशामा दुई वर्षसम्म टहरमा पठनपाठन सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेल बताउँछन् । उनी भन्छन्, 'जगदम्बा कुमारी देवीको २०४५ सालमा निधन भएपछि नेपाल सरकारका तर्फबाट प्राप्त ५० हजार रुपैयाँबाट भवन निर्माण पुनः निर्माण गरिएको थियो । हालसम्म सरकारले विद्यालयको स्तरोन्नतिका लागि खासै चासो देखाएको छैन ।' भूकम्पले क्षति पु¥याएको भवनमा अहिले विद्यार्थी अध्ययन गरिरहेका छन् । विसं २०११ देखियता छाना फेरिएको छैन । वर्षा सुरु हुने वित्तिकै कक्षा कोठामा पानी चुहिन थाल्छ । भूकम्प गएको आठ वर्ष पुग्न लागिसक्यो अझै पुनःनिर्माणको सुर छैन । विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेल भन्छन्, 'यदि सरकारले विद्यालयको भौतिक संरचनासहित स्तरोन्नतिमा चासो देखाएमा यस विद्यालयलाई नमूना सरकारी विद्यालय बनाउन सकिन्छ । विद्यालय ललितपुरको केन्द्रमा रहेको र विद्यालयको नाममा २७ रोनी जमिन रहेको हुँदा सरकारी लगानीमा नमुना सरकारी विद्यालय बनाउन सकिन्छ ।' हाल यस विद्यालयमा कक्षा एकदेखि १२ सम्म जम्मा ६०० विद्यार्थी छन् । कक्षा छ देखि १२ सम्म विद्यार्थीको भर्ना सङ्ख्या ठीकै भए पनि बालविकासदेखि कक्षा पाँच सम्मको भर्ना सङ्ख्या त्यति चित्तबुझ्दो छैन । बालबिकासदेखि कक्षा पाँचसम्म विद्यार्थीहरुको भर्ना दर चित्तबुझ्दो नहुनुको पछाडिको कारण सरकारी स्कुलप्रतिको बुझाइ र गलत प्रचार रहेको विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेल बताउँछन् । उनी भन्न्, 'सरकारी स्कुलको शिक्षा राम्रो भए पनि गलत प्रचार गरिएको छ । सेवा सुविधाको हिसाबले निजी स्कुलभन्दा सरकारी स्कुल धेरै माथि छ ।

# सोह्र महिनामा सक्ने पुल सात वर्षसम्म अलपत्र



**रासस**
**ढोरपाटन ।**
सात वर्षअघि निर्माण थालिएको अस्तु–ओडारबोट मोटरेवल पुल हालसम्म सम्पन्न हुन सकेको छैन । खोलाको वरिपरि ठडिएका दुई पिल्लर भत्कन थालेका छन् । फलामका रडमा खिया लागेको छ । विसं २०७४ माघ महिनामा सक्ने गरी निर्माण सुरु भएको मोटरेवल पुलको ४० प्रतिशत मात्रै काम सकिएको छ । बागलुङको ढोरपाटन नगरपालिका–५ अधिकारीचौरको अस्तु–ओडारबोट जोड्ने मोटरेवल पुल यतिबेला बेवारिसे अवस्थामा पुगेको हो । पुलको दुईतिर पिलर उठाएको वर्षौं भए पनि अरु काम भने हुनसकेको छैन । २०७३ असोज ४ गते वाइटी रफिना जेभी कन्स्ट्रक्सनले पुल बनाउने जिम्मा लिए पनि काम गरेन । लामो समयसम्म निर्माण कम्पनीले काम नगरेपछि गत वर्ष मङ्सिर २८ गते ठेक्का तोडियो । ठेक्का तोडिएपछि अब पुल बन्छ कि बन्दैन भन्ने अन्योल सिर्जना भएको छ । सडक डिभिजन कार्यलयमार्फत निर्माण हुन थालेको पुललाई निर्माण कम्पनीले अलपत्र पारेपछि अब कहिले काम सुरु हुन्छ भन्ने निश्चित छैन । सोह्र महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको पुलको काम ४० प्रतिशतमै भएको सीमित छ । वर्षौंअघि निर्माण भएको पुलको संरचना भूजीखोलामा आएको बाढीले भत्काइदिएको छ । बाढीले लाखौँको संरचनामा क्षति पु¥याएपछि पुल सुरुकै चरणबाट काम गर्नुपर्ने अवस्थामा छ । पुल बन्न लागेपछि खुसी भएका अधिकारीचौर, नाथुरी लगायतका गाउँका नागरिक अहिले अलपत्र अवस्थामा पुगेपछि दुःखी बनेका छन् । कृषि गाउँका रुपमा रहेका अधिकारीचौर र नाथुरीगाउँका हजारौँ किसान पुल नबन्दा मारमा परेका छन् । डेढ दशकअघि गाउँमा मोटरबाटो पुगेपछि सिङ्गो गाउँनै व्यावसायिक तरकारी खेतीमा लागेको छ । यतिका समयसम्म मोटर गुड्ने पुल नबन्दा यस क्षेत्रका तीन सय घरधुरीका किसानले उत्पादन गरेको तरकारी बजारसम्म पु¥याउन समस्या भएको ढोरपाटन नगरपालिका–५ अधिकारीचौरका किसान कृष्ण कँडेलले बताए । भूजीखोलामाथि निर्माण थालिएको पुल नबन्दा अधिकारीचौर, नाथुरी, भैँसीखर्क, घैयाखेत र बाहुनगाउँका हजारौँ नागरिकले सास्ती खेप्नु परेको उनको भनाइ छ ।

हिउँदको समयमा खोला सानो हुँदा गाडी वारपार गर्न सके पनि बर्षाको समयमा भने ठप्प हुने गरेको कँडेल बताउँछन् । हिउँदमा गाउँमै गाडी आएर उत्पादित तरकारी बजारमा पुऱ्याउन सहज भए पनि बर्षा याममा सकस हुने उनको भनाइ छ । कँडेलले भने, 'हामी किसानका लागि गाउँमा मोटरबाटो बरदान सावित भएको छ, यहाँका सयौँ मानिस तरकारी खेतीमा आवद्ध छौँ, हिउँदमा गाडी बारीमै आउँछ, बर्षाको चार महिना त ठप्पै हुन्छ, त्यो बेला डोकोमा बोकेर बजार पु¥याउनुपर्छ, डोकोमा बोकेर बजार पु¥याउँदा निकै गाह्रो हुन्छ, पुल बन्न लागेको दश वर्षनै हुन लाग्यो, अहिले त काम गर्ने मान्छे पनि आउँदैन, भागे छ कि क्या हो, खोलाले पनि केही भागमा क्षति गरेको छ ।'

नाथुरी गाउँका स्थानीयवासी शिवराज कँडेलले अस्तुमा पुल बने आधा १५ मै बुर्तिबाङ बजारमा पुग्न सकिने भए पनि अहिले एक घण्टा बढी लाग्ने बताए । पुल नबन्दा वर्षा सुरु भएदेखि कात्तिकसम्म गाउँमा मोटर पुग्न नसक्ने उनको भनाइ छ । गाउँमा कोही बिरामी परेर अस्पताल लैजानु परे डोकोमा बोक्नुपर्ने स्थिति रहेको कँडेलले बताए । पटक–पटक सरोकारवाला निकायमा माग गरी राखे पनि अहिलेसम्म सुनुवाइ नभएको उनले गुनासो पोखे । 'हिउँदको समयमा समस्या छैन, घुमाउरो बाटो भएर पनि गाउँमा गाडी पुग्छन्, सबैभन्दा बढी समस्या त वर्षामै हुन्छ, पुल अलपत्र पार्ने ठेकेदारलाई कडा कारबाही गर्नुपथ्र्यो, अहिले पुल सकिने बेला ठेक्का रद्ध गरे, अब कहिले पुनः ठेक्का गरेर काम सुरु हुने हो ?, कस्तो ठेकेदार पर्ने हो ?', उनले भने, 'यही चालले त अवको दश वर्ष पनि पुल बन्ला जस्तो लाग्दैन, राज्यले कडाइ ग¥यो र चासो दियो भने समयमै काम बन्ने थियो होला ।'

पुल सङ्घीय सरकारले विनियोजन गरेको तीन करोड ५० लाख रुपैयाँको लागतमा निर्माण हुन थालेको थियो । निर्माण कम्पनीले काम गर्न अटेरी गरेपछि गत वर्ष ठेक्का सम्झौता तोडेको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी इञ्जिनीयर अमर अधिकारीले जानकारी दिए । निर्माण कम्पनीको पेश्की जमानतसमेत जफत गरिएको उनको भनाइ छ । कम्पनीले ४० प्रतिशत मात्रै काम गरेको छ । त्यसमा पनि बाढीले ठूलो क्षति पु¥याएको उनी बताउँछन् । अब पुलको काम सुरु गर्नका लागि नयाँ डिजाइन गर्नुपर्ने भन्दै त्यसका लागि परामर्शदाता कम्पनी आह्वान गरेको सूचना अधिकारी अधिकारीको भनाइ छ । परामर्शदाता कम्पनीले नयाँ प्रतिवेदन तयार पारेपछि नयाँ ठेक्का प्रक्रियामा जाने उनले बताए । 'जति छिटो परामर्शदाताले प्रतिवेदन तयार गर्छ, त्यति छिटो ठेक्का प्रक्रिया अगाडि बढ्छ, पहिले केही काम भए पनि खोलाले क्षति पु¥याएको छ, त्यो पुल धेरै वर्ष अगाडिनै सकिनुपर्ने हो तर निर्माण कम्पनीले निकै लापरबाही ग¥यो' इञ्जिनीयर अधिकारीले भने, 'दोहोरो काम गर्न पर्ने भयो, पहिले सकिएको भए, राज्यको लाखौँ रकम नोक्सान हुने थिएन, नागरिकले सहज रुपमा यात्रा गर्न पाउँथे, अब काम गर्नका लागि अझै केही समय लाग्ने देखिन्छ ।'

# बस्ती संरक्षणका लागि कालीगण्डकीमा तटबन्ध



**रासस**
**बागलुङ ।**
बागलुङ नगरपालिका–१ स्थित मालढुङ्गा क्षेत्रको बस्ती कालीगण्डकी नदीको उच्च जोखिममा परेपछि तटबन्ध गर्न थालिएको छ । जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङमार्फत तटबन्ध निर्माण जारी छ । चालू आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको ७० लाख रुपैयाँबाट मालढुङ्गा बस्ती संरक्षणको काम भइरहेको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङका इञ्जिनियर दीपेन्द्र पौडेलले जानकारी दिए । कालीगण्डकीले धार परिवर्तन गर्दा केही वर्षयता कटान तीव्र हुँदै आएको छ ।

अघिल्लो वर्ष पनि ६५ लाख रुपैयाँलागतमा केही क्षेत्रमा तटबन्ध गरिएको थियो । लक्ष्मीनारायण मन्दिरसँगै मालढुङ्गाबाट खुदुर्के घाटसम्मको बस्ती संरक्षण गर्न थालिएको इञ्जिनियर पौडेलले बताए । गत पुस महिनादेखि निर्माण समिति गठन गरी तटबन्धको काम धमाधम भइरहेको छ । कालीगण्डकी निरन्तर दोहन हुँदा बर्खामा पानीको बहाव बस्तीसम्म पुग्ने गरेको थियो । तटबन्ध निर्माणपछि मालढुङ्गाको तटीय क्षेत्रका बस्ती, प्रहरीचौकी, लक्ष्मीनारायण मन्दिरलगायत संरचना जोगिने इञ्जिनियर पौडेलले बताए । इन्जिनियर पौडेलले भने, 'बर्खामा कालीगण्डकी उर्लेर आउँदा बस्तीमा बस्ने जोखिम बढेको थियो, अघिल्लो वर्ष केही भागमा काम भयो भने अहिले पनि करिब ४५ मिटर लामो तटबन्ध निर्माण हुन्छ, जसका लागि निर्माण समिति गठन भएर काम सुरु भएको छ, हालसम्म ३० प्रतिशत काम सम्पन्न भएको छ, आगामी असार मसान्तसम्म सम्पूर्ण काम पूरा गर्न ठेकेदारलाई निर्देशन दिइएको छ ।' तटबन्ध निर्माण समितिका अध्यक्ष भुवन खड्काले पानीमुनि दुई मिटर पक्की पर्खाल उठाउने काम भइसकेको भन्दै अहिले त्यसमाथि ग्याविनसहितको 'पर्खाल' उठाइरहेको बताए । बागलुङ प्रवेशद्वार नजिकै ऐतिहासिक लक्ष्मीनारायणको मन्दिर बन्दै गएको र तटबन्ध बनेपछि यहाँका धेरै घर सुरक्षित हुने उनले दाबी गरे । 'तटबन्धको कामलाई तीव्र बनाएका छौँ, पर्खाल उठाएर ढलान गर्ने काम भइरहेको छ, सम्झौताअनुसार आठ मिटर उचाइ, ४५ मिटर लम्बाइ हुनेछ, सोअनुसार काम गरिरहेका छौँ', अध्यक्ष खड्काले भने ।

# माङसेवुङमा एकैपटक चारवटा सिँचाइ आयोजना थालिए



**रासस**
**फिक्कल ।**
इलामको माङसेबुङ गाउँपालिकामा दुई करोड ३३ लाख ६७ हजार रुपैयाँको लागतमा चारवटा सिँचाइ आयोजना सुरु भएको छ । माङसेबुङ गाउँपालिका–१ का चार टोलमा सुरु भएको सिँचाइ आयोजनाको शिलान्यास भएको छ । माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले चारवटै योजनाको संयुक्तरूपमा मङ्गलबार अपराह्न शिलान्यास गरेका हुन् । गाउँपालिकामा सञ्चालित साना सिँचाइ कार्यक्रमअन्तर्गत तोभाङमा दुई, नाङरुङमा एक र खोलागाउँ टोलमा एक सिचाँइ योजनाको शिलान्यास भएको माङसेबुङ गाउँपालिका–१ का वडाध्यक्ष भूपाल योङहाङले जानकारी दिए । चौरानब्बे घरधुरी किसान प्रत्यक्ष लाभान्वित हुनेगरी स्थानीय लम्फेवा खोलाबाट दुईवटा, फुङखोलाबाट एक र फेवाखोलाबाट एक सिँचाइ कुलो निर्माण सुरु भएको हो । तोभाङमा ९३ लाख रुपैयाँको लागतमा लम्फेवा खोलाबाट निवाघारी र ५५ लाख ६८ हजार रुपैयाँको लागतमा सोही खोलाबाट लामपाते कुलो निर्माण सुरु भएको छ । यसैगरी, नाङरुङमा ३९ लाख २१ हजार रुपैयाँको लागतमा फुङखोलाबाट घुमाउँरो पाक्रुम्बा कुलो र खोलागाउँमा ४५ लाख ७८ हजार रुपैयाँको लागतमा फेवाखोलाबाट बाह्रमुरे कुलो निर्माण सुरु भएको वडाध्यक्ष योङहाङले बताए । 'वर्षौंदेखि आकाशेपानी र परम्परागत कुलोबाट सिँचाइ गरिरहेका वडाका किसान सिँचाइ आयोजना सुरु भएपछि उत्साहित भएका छन्, समयमै आयोजना सम्पन्न गर्न तीव्रता दिइनेछ', वडाध्यक्ष योङहाङले भने, 'आयोजना पूरा भएपछि यहाँका ९४ किसान परिवार प्रत्यक्ष लाभान्वित हुनेछन् ।' सिँचाइ योजनाका लागि स्वीस सरकारको ३० प्रतिशत, सङ्घीय सरकार, प्रदेश सरकार र माङसेबुङ गाउँपालिकाको २०–२० प्रतिशत र स्थानीय उपभोक्ताको १० प्रतिशत लागत साझेदारी रहेको छ । योजना आगामी असार २० गतेसम्म सम्पन्न गर्नेगरी सम्झौता भएको छ । गतवर्ष सोही वडामा दुई करोड १४ लाख रुपैयाँको लागतमा चारवटा सिँचाइ कुलो निर्माण सम्पन्न भएका छन् । पाटीगाउँ, गजुरमुखीधाम, दोभान र तोभाङ टोलमा निर्मित सिँचाइ कुलोबाट एक सय ३७ किसान लाभान्वित भएका छन् । सिँचाइ सुविधा पुगेपछि धान उत्पादनमा वृद्धि हुने स्थानीयको अपेक्षा छ । कृषि ज्ञान केन्द्र इलामको तथ्याङ्कानुसार यस वर्ष १४ हजार आठ सय १० हेक्टर क्षेत्रमा धानखेती गरिएको थियो। इलाममा रञ्जित, राधा चार, चुल्ठे र अन्य स्थानीय जातका धानखेती गरिन्छ । युवालाई स्वदेशमै रोजगारी उपलब्ध गराउन कृषि क्षेत्रमा आकर्षित गरी कृषिको उत्पादकत्व वृद्धि गर्ने र कृषि क्षेत्रको व्यावसायिकरणबाट आयआर्जन बढाउने उद्देश्यले स्वीस सरकारको सहयोगमा साना सिँचाइ कार्यक्रम सञ्चालन भइरहेका छन् ।

# अदालतमा हारपछि तालाबन्दी गरेर मेयरमाथि प्रहार



**मधेशदृष्टि**
**वीरगंज ।**
धमाधम बजेटअनुसार काम गर्नु पर्ने बेला पूर्वी चितवनको राप्ती नगरपालिकामा जनप्रतिनिधिहरुबाटै तालाबन्दी भएको छ । नेकपा एमाले र नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले बुधबार दिउँसो नगर प्रमुख शमशेर लामा, उपप्रमुख देवेन्द्र लामा तथा प्रमुख प्रशासकीय अधिकृत निलमकुमार न्यौपानेको कार्यकक्षमा ताला लगाएका हुन् । राप्ती नगरपालिका वडा नम्बर ५ का अध्यक्ष सीताराम बलको नेतृत्वमा कांग्रेसका वडाअध्यक्ष, एमालेका वडाअध्यक्षसहित नगर सभा सदस्यको उपस्थितिमै तालाबन्दी भएको हो । तालाबन्दीपछि नगरको काम ठप्प भएको छ । जनप्रतिनिधिबाटै यस्तो भएपछि कर्मचारी पनि त्रसित बनेका छन् । राप्तीमा एमालेको लामो विरासत तोड्दै नेकपा एकीकृत समाजवादी पार्टीबाट शमशेर लामा मेयर बनेका हुन् । ७० जना नगर सभा सदस्यमा मेयरसहित २ वडा अध्यक्ष समाजवादी, उपमेयर, ३ वडा अध्यक्षसहित ७ वडा सदस्य कांग्रेस, १ वडा सदस्य माओवादी केन्द्र र बाँकी ८ वडा अध्यक्षसहित वडा सदस्य एमालेका छन् । कार्यपालिकाका २३ जनामा एमालेको १६ सदस्यसहित बहुमत छ । नगर प्रमुख लामाको नेतृत्वले जनमुखी काम गरेको र यसको प्रभावले नगरबासीले समयमा सेवाप्रवाह पाएपछि एमाले–कांग्रेसका जनप्रतिनिधि आन्तरिकरुपमै रुष्ट बनिरहेका थिए । नगरबासीले मेयरको काम रुचाएपछि यसको श्रेय आफ्नो भागमा नपरेपछि उनीहरु रुष्ट बनेका हुन् । राप्तीमा पछिल्लो २० महिनामा निशुल्क शिक्षा, निशुल्क एम्बुलेन्स, निशुल्क रगत मात्र नभइ विकास निर्माणको पाटोमा समेत सकरात्मक काम भइरहेका छन् । तर वडागत काम र विकासशून्य अवस्थामा रहँदा उपभोक्ता समिति बनाउनसमेत मेयरको माग हुन थालेपछि एमाले–कांग्रेसका जनप्रतिनिधि असन्तुष्ट बनेका थिए । एमाले र कांग्रेसका जनप्रतिनिधिले कार्यपालिका बैठक र हिउँदे नगरसभा डाक्न सातदिने अल्मिमेटमसहितको ध्यानाकर्षण पत्र बुझाएका थिए । फागुन ९ बुधबार ६ दिन पुगेकै दिन उनीहरुले आफूखुशी कर्मचारी फेरबदल, कर्मचारी माग गरेको ८ महिनासम्म पनि अगाडि प्रक्रिया नबढाएको आरोप लगाए । शीर्षक परिवर्तन नगरी तोक आदेशमा काम गरेको भन्दै विरोधमा उत्रिनु परेको काग्रेस एमालेले पत्रकार सम्मेलन नै गरेर बताएका थिए । उसो त एमाले–कांग्रेसका जनप्रतिनिधिको हतारोले राप्तीबासीले अरु दुःख पाउने देखिएको छ । मंसिरको २५ गतेसम्म नगरका सबै काम रोक्न मेयरलाई विपक्षी बनाइ एमाले–कांग्रेसका जनप्रतिनिधिले उच्च अदालत हेटाँैडामा मुद्दा हालेका थिए । मेयर लामाकै पक्षमा फैसला भएपछि नियमित काम अघि बढेको थियो । यसरी अदालतबाट समेत काम रोक्न नभनेको अवस्थामा जननिर्वाचित जनप्रतिनिधि नै हूल बाँधेर कार्यालयमा तालबन्दीमा उत्रिएपछि विकासका काममा अवरोध सिर्जना भएको हो । मेयर शमशेर लामाले तालाबन्दी भएको खबर पाइएको बताए । 'नगरकै कामकै सिलसिलामा वडा नम्बर ११ मा थिएँ, तालाबन्दी भएको खबर पाएँ,' लामाले भने, 'जनताको काम प्रभावित पार्ने गरी गरिएको गतिविधिप्रति दुःखी छु ।' उनले जनताको नेताले परिपक्क राजनीति गर्नु पर्ने बताए । उनले जनताको कामका लागि चुनिएकाले नै जनताको काम रोक्ने काम गलत भएको र समाधानको उपाय खोजीमा जुट्ने बताए । 'विवाद र समस्या निकाल्ने पक्ष नै भागेर हिँडेका छन्,' उनले भने, 'सच्चिन आग्रह गर्दछु ।' जनताले सहज र सरलरुपमा सुविधा पाइरहँदा राप्ती नगरपालिकाको प्रभाव बलियो हुँदै गएपछि जलनमा रहेका जनप्रतिनिधिले अनेक तगारो हालेर दुःख दिएको लामाको दाबी छ । एमाले–कांग्रेसनिकटका जनप्रतिनिधिले माग गरेको कार्यपालिका बैठकको समय सीमा र राजनीतिक संस्कारका विषयमा आफूले स्वागत गरेको, जनताको मर्म सम्बोधन हुने गरी बैठक राख्न सहमत भएको लामाले बताए । पुस र माघ महिनामा हुनुपर्ने बैठक राख्ने वातावरण नै सिर्जना नगरिएको लामाको भनाइ छ । तालबन्दीपछि प्रमुख प्रशासकीय अधिकृत मोबाइल अफ गरेर बसेका छन् भने तालाबन्दी घटनामा उपप्रमुख मौन छन् ।

# हिन्दू राष्ट्र माग्दै ज्ञापन पत्र



**मधेशदृष्टि**
**वीरगंज ।**
राजसंस्था र हिन्दू राष्ट्र पुनःस्थापनासहित ४० बुँदे माग राख्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले वीरगंजमा प्रदर्शन गरेको छ ।
प्रदर्शनमा उत्रिएका राप्रपाका कार्यकर्ताहरुले जिल्ला प्रशासन कार्यालय पर्सा मार्फत सरकारलाई ज्ञापनपत्र समेत बुझाएका छन् ।
ज्ञापन पत्रमा प्रदेश संरचनाको खारेज गरेर बलियो केन्द्र र अधिकारप्राप्त स्थानीय तह रहेको दुई तहको सरकार हुनुपर्ने, भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति गरिनु पर्ने, राष्ट्रियता, विकास, सुशासन, सेवाप्रवाह एवम् जनजीविकासँग प्रत्यक्ष सम्बन्धित तथा मुलुकको दीर्घकालीन हितका विभिन्न माग राख्दै राप्रपाले पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल मार्फत प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ज्ञापनपत्र बुझाएको हो । राप्रपा पर्साका अध्यक्ष सुमेश्वरनाथ उपाध्यायको नेतृत्वमा जिल्ला प्रशासन पुगेको टोलीमा प्रतिनिधि सभा सदस्य वीणा जयसवालसँगै राप्रपाका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# गस्ती टोली र काठ तस्करबीच भिडन्त



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटमा वन सुरक्षा गस्ती टोली र काठ तस्करबीच भिडन्त भएको छ । मंगलबार राति वृन्दावन नगरपालिका–१ रामलाल वृन्दावन साझेदारी वनक्षेत्र भित्र वन सुरक्षा टोली र तस्करबीच भिडन्त भएको हो । वन सुरक्षा टोलीले हवाई फायर गर्दै अवैध सालको काठ बरामद गरेको छ । वन अधिकृत अनिल कुमार महतोको कमान्डमा गएको टोलीले मंगलबार राति ११ बजे वन क्षेत्र भित्र गस्तीको क्रममा तस्करसँग भिडन्त भएको थियो । टोलीले तीन राउन्ड हवाई फायर गरेपछि तस्कर समूह भागेको र तीन थान गोलिया बरामद गरेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्र कुमार मिश्रले जानकारी दिए । साढे ५७ फिट सालको काठ लोड रहेको एकथान टायर गाडा र एउटा पाडो बरामद गरेको गस्ती टोलीले जनाएको छ । झण्डै दुईलाख भन्दा बढी मूल्यको काठ सहितको टायर गाडा र पाडो आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय चन्द्रनिगापुरमा ल्याईएको तथा घटना बारे अनुसन्धान भईरहेको जनाईएको छ । जिल्लाको पूर्वी भेगमा सर्लाहीका अन्य क्षेत्रमा स्थानीय तस्करहरु चोरीलुकी काठ कटानी गर्न बढी सक्रिय देखिएकाले अहिले वन सुरक्षा गस्ती टोली अहोरात्र खटिएको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ ।

# ट्रक र जीप ठोकिँदा २ जनाको मृत्यु





## अटो दुर्घटनामा मृत्यु

मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकामा अटो दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । मकवानपुर जिल्ला प्रहरी कार्यालयका अनुसार धादिङ बजारतर्फबाट मकवानपुरगढी गाउँपालिका–४ ज्वालादेवीतर्फ आउने क्रममा ना २ ह ५२६८ नम्ब।को अटो अनियन्त्रित भएर पल्टिएको थियो । घाइते भएका सोहीस्थान निवासी ३५ वर्षीय चालक सुमन भन्ने देवीबहादुर घिमिरेलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याउँदै गर्दा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्ज स्थित आधाभार जंगलको सडक खण्डमा ट्रक र जीप एकआपसमा ठोक्किदा २ जनाको मृत्यु भएको छ भने ४ जना घाइते भएका छन् । बुधबार सिमराबाट हेटौंडा तर्फ जाँदै गरेको ना ६ ख ३३५२ नम्बरको ट्रक र हेटौंडाबाट पथलैया तर्फ आउँदै गरेको बागमती प्रदेश ०१–०२६ च १३३४ नम्बरको जीप एकआपसमा ठोकिँदा एकजना भारतीय नागरिक सहित २ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा नुवाकोटको बिदुर नगरपालिका–९ कोलनीका ३० वर्षीय सुजन मगराती र भारतको बिहार राज्य मोतिहारी मधुवनका २८ वर्षीय चन्दन चौहान छन् । दुवै जनाको वीरगंजको गण्डक स्थित एलएस न्यूरो अस्पताल उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । घाइते हुनेमा भारतीय नागरिक बिहार मजफ्फरपुर परखना मोतिपुरका २२ वर्षीय राहुल चौधरी, बिहार महाराजगञ्ज गोरखपुरका १७ वर्षीय सुदीप चौहान, सोही ठाउँ बस्ने १९ वर्षीय रामलखन चौहान र ट्रक चालक बाराको परवानीपुर गाँउपालिका–४ चैनपुरका ३० वर्षीय रवि पटेल रहेका छन् । घाइते सबैको वीरगंजको गण्डक स्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता एवम् सूचना अधिकारी प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

# भिजिट जनकपुरधाम २०२४ को कार्ययोजना सार्वजनिक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भिजिट जनकपुरधाम २०२४ को एक वर्षे कार्ययोजना सार्वजनिक गरिएको छ । भ्रमण वर्षका संयोजक एवम् उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अम्भुप्रसाद साहले भिजिट जनकपुरधाम २०२४ को एक वर्षे कार्ययोजना सार्वजनिक गरेका हुन् । जनकपुरधाममा बुधबार भिजिट जनकपुरधामले आयोजना गरेको पत्रकार सम्मेलनमा भिजिट जनकपुरधामका संयोजक साह दुई महिनाभित्र केही आवश्यक क्षेत्रलाई समेट्दै पर्यटनीय सम्बन्धी सरोकारवालासँग छलफल, विचार विमर्श, समन्वय, सहकार्य गरेर भिजिट वर्ष सफल बनाउने बताए । कार्यक्रममा जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साहले जनकपुरधाममा बाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गराउनका लागि योजनाबद्धरुपमा काम गर्नुपर्नेमा जोड दिए । उनले ऐतिहासिक तथा धार्मिक दुष्टिकोणलेसमेत निकै महत्वपूर्ण मानिएको माध्यमिकी परिक्रमा क्षेत्रको ११ स्थानलाई पर्यटनीय नगरीको रुपमा विकास गर्न आवश्यक रहेको बताए । उनले यससंगै जनकपुरधाममा पर्यटकलाई मध्यनगर गर्दै टुरिज्म प्याकेज र यसका लागि टुर प्याकेज गाइडसहितको बुक प्रकाशन गर्नुपर्ने आवश्यक औँल्याए । भिजिट वर्षमार्फत रामायण सर्किटका लागि जनकपुरधामलाई भारतको अयोध्यासंग जोड्नका लागि विभिन्न कार्यक्रम गरिने, नेपाल र छिमेकी भारतको विभिन्न क्षेत्रलाई ध्यानमा राखेर पर्यटनीय गतिविधि बढाउन योगना बनाउने र सम्बन्धित क्षेत्रका सरोकारवालालाई प्रशिक्षण समेत दिने संयोजक साहले बताए ।

## कांग्रेस महासमिति बैठकः
# प्रतिनिधिले धारणा राख्ने क्रम जारी

**रासस**
**ललितपुर ।**
यही फागुन ७ गतेदेखि सुरु भएको नेपाली कांग्रेसको महासमिति बैठकमा सदस्यले धारणा राख्ने क्रम जारी छ । ललितपुरको गोदावरीस्थित सनराईज सम्मेलन केन्द्रमा जारी बैठकको तेस्रो दिन बुधबार उपसभापति पूर्णबहादुर खड्काको नीति प्रस्ताव, महामन्त्री गगनकुमार थापाको साङ्गठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माको समसामयिक राजनीतिक प्रस्ताव, अर्थमन्त्रीसमेत रहेका प्रवक्ता डा प्रकाशशरण महतको नेपालको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन, लेखा समिति संयोजक श्याम घिमिरेको लेखा परीक्षण प्रतिवेदनमाथि चारवटा हलमा समूहगतरुपमा छलफल भइरहेको कांग्रेसका प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले जानकारी दिए । 'प्रतिवेदनमाथि छलफलका लागि कोशी र सुदूरपश्चिमका महासमिति सदस्यहरुलाई गोदावरी हल, कर्णाली र मधेश प्रदेशका लागि विशङ्खनारायण हल, बागमती र गण्डकी प्रदेशका लागि फूलचोकी हल र लुम्बिनी र भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिहरुलाई कोन्ज्योसोम हलमा विभाजन गरेर धारणा राख्ने क्रम जारी छ', उनले भने । 'चारवटै हलमा सम्बन्धित प्रदेशबाट केन्द्रमा प्रतिनिधित्व गर्ने पदाधिकारी एवम् केन्द्रीय सदस्यहरुले महासमिति सदस्यहरुको सुझावलाई टिपोट गरिरहनुभएको छ', उनले भने । विभिन्न हलमा भएका बन्दसत्रको सुरुमा नै सबै जिल्लाका जिल्ला सभापति, भ्रातृ तथा शुभेच्छुक संस्थाका प्रमुख, जनसम्पर्क समितिका प्रमुखहरुले बैठकमा पेस भएका पाँचवटै प्रतिवेदनमा आ–आफ्नो धारणा व्यक्त गर्नुभएको भन्दै प्रमुख विश्वकर्माले छलफलमा देशभरबाट आएका महासमिति सदस्यहरुले प्रतिवेदनमा विचार राखेको बताए । महासमितिमा पेस भएका पाँचवटै प्रतिवेदनमा महासमिति सदस्यहरुले सुधारका केही सुझावसमेत पेस गर्नुभएको उनले जानकारी दिए । छलफलमा गोदावरी हलमा एक सय १०, विशङ्खनारायण हलमा ९५, फूलचोकी हलमा ९० र कोन्ज्योसोम हलमा ९० जना महासमिति सदस्यहरुले आफ्नो धारणा राखेको प्रचारप्रसार विभाग प्रमुख विश्वकर्माले जानकारी दिए । महासमिति बैठकमा सहभागी सदस्यहरुले कांग्रेसले संविधानको कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्नुपर्ने, पार्टीको विधान पालना गर्नुपर्ने, प्रदेश संरचनालाई बलियो बनाउन अधिकार दिनुपर्ने, गणतन्त्रमाथि देखिएका खतरालाई रोक्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने, पार्टी सङ्गठनलाई सक्रिय बनाउनुपर्ने, भ्रातृ तथा शुभेच्छुक संस्थालाई पूर्णता दिनुपर्ने विषयमा आफ्नो धारणा राख्नुभएको उनले बताए । महासमिति सदस्यहरुले सामाजिक न्यायका लागि नेपाली कांग्रेसलाई सामाजिक आन्दोलनसँग जोड्ने, आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने, पर्यावरण संरक्षण गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने, पूर्वाधार विकासलाई तीव्रता दिनुपर्ने, अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलित बनाउँदै नेपालको हितमा काम गर्नुपर्ने, वैदेशिक लगानीको वातावरण सिर्जना गर्दै आर्थिक सुधार गर्नुपर्ने, ऊर्जा र जलस्रोतको सदुपयोग गर्न विदेशी लगानी भित्र्याउन पहल गर्ने, युवा पलायनलाई रोक्न रोजगारीका अवसर बढाउनुपर्ने, उद्योग तथा कलकारखाना स्थापना गर्नुपर्ने सरकार र पार्टीबीचको समन्वय बढाउनुपर्ने, शिक्षा र स्वास्थ्यमा भइरहेको व्यापारलाई रोक्न पहल गर्नुपर्ने, खेलकुदको पूर्वाधार विकास गरी खेल पर्यटनलाई प्रवर्द्धन गर्नुपर्ने, जलवायु परिवर्तनको सङ्कटविरुद्ध प्रभावकारी कदम चाल्नुपर्ने, कुनै पनि नेपालीलाई गैरनागरिक हुन नदिने प्रावधान हुनुपर्ने, क्रियाशील सदस्यतालाई थप खुकुलो र पारदर्शी बनाउनुपर्ने, सञ्चार क्षेत्रलाई स्वतन्त्र, सशक्त र प्रभावकारी बनाउन सञ्चार नीति संशोधन गर्नुपर्नेलगायतका विषयमा जोड दिएका थिए । सुशासन कायम गर्न भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई कार्यान्वयन गर्न अधिकांश महासमिति सदस्यले सुझाव दिनुभएको विश्वकर्माले बताए । 'समूहगत छलफलमा उठेका कुरा सातवटै प्रदेशका सभापतिले सबै प्रतिनिधिसमक्ष पेस गर्ने कार्यक्रम छ । त्यसपश्चात् ती सबै प्रस्तावहरुमा संयुक्तरुपमा छलफल गरी हलले पारित गर्नेछ', कांग्रेसका प्रचार विभाग प्रमुख विश्वकर्माले भने ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन